# पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका


## ८९

## पूर्णाङ्क


**संशोधन–मण्डल**

पूर्णिमाको यस ग्रङ्कमा छापिएको **मुसलमानी दरबारका ज्योतिषी मुनीश्वरले बनाएको पाटी-सारनामक** निबन्ध वि. सं. २०५२ आश्विनमै तयार भइसकेको थियो, तर मुनीश्वरले बीचबीचमा घुसाएका मध्यमाहरणका उदाहरणको व्यक्तगणितग्रनुसार उपपत्ति गर्न खोज्दा केही शङ्का लाग्यो र यसको प्रकाशनमा ढिलाइ हुन गयो । मेरो वृद्धावस्था, मलाई लागेको मुटुको रोग, मेरा ग्राँखा तथा कान दुवै इन्द्रियको शक्तिहीनता यी कमजोरीले गर्दा मुनीश्वरका उदाहरणको उपपत्ति गर्न १४।१५ महीना लाग्यो । त्यसैले पूर्णिमाको यो ग्रङ्क ग्रहिले वि. सं. २०५३ मार्गमा मात्र बजारमा ग्राउन सक्यो ।

**नयराज पन्त**

**वि. सं. २०५३ मार्ग १५**

का. मै. अ. द. नं. १५५/२४६

*तदिह न गुणदोषौ योजनीयावलीकौ*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

( इतिहास-प्रधान त्रैमासिक पत्रिका )

२३
वर्ष

१
अङ्क

सम्पादक-
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक-
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ५५।-

# विषयसूची


| | | |
|---|---|---|
| १. मुसलमानी दरबारका ज्योतिषी मुनीश्वरले बनाएको पाटीसार | –नयराज पन्त<br>सहायक –रुक्मनाथ पौडेल | १–२२ |
| २. नेवारराज्य र ब्राह्मण | –महेशराज पन्त | २३–३१ |
| ३. प्रताप मल्लले दलखम्ब बानियाँलाई लेखेको पत्र | –दिनेशराज पन्त | ३२–३३ |
| ४. काठमाडौं र पाटनका राजाका, वि सं. १७५५ देखि १७९३ सम्मका पाँचवटा अप्रकाशित पत्र | –दिनेशराज पन्त | ३३–३८ |
| ५ भूपालेन्द्र मल्लले वीरभद्र उपाध्यायको नाममा गरिदिएको अप्रकाशित ताम्रपत्र | –दिनेशराज पन्त | ३९–४० |
| ६. महीन्द्रसिंह (भास्कर मल्ल)ले झगल ठकुरको नाममा गरिदिएको अप्रकाशित ताडपत्र | –दिनेशराज पन्त | ४०–४१ |
| ७. पाटनका राजा विष्णु मल्लले लक्ष्मीनारायणको नाममा गरिदिएको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४१ |
| ८. जयप्रकाश मल्लले रत्नमणि जैसीलाई गरिदिएको अप्रकाशित ताम्रपत्र | –दिनेशराज पन्त | ४२–४३ |
| ९. श्री ५ पृथ्वीनारायण शाहका दुइ अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४३–४५ |
| १०. श्री ५ पृथ्वीनारायण शाहले धर्माङ्गद पण्डितलाई कन्यादान दिएको कुरा परेको वि. सं. १८६३ को अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४५–४६ |
| ११. कोटलहरका राजा नारायणपाललाई श्री ५ राजेन्द्रविक्रम शाहले लेखेको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४६–४७ |
| १२. नारायणहिटीका नारायणका अघिल्ला पूजाहारीलाई हटाई अर्को पूजाहारी राखिएको कुरा परेको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४७–४८ |
| १३. सर्दार भूपालसिंह थापालाई जागीरको रूपमा हात्ती दिएको कुरा परेको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४८–४९ |
| १४. दीर्घमानलाई १ वर्षको लागि चौधराइ दिई लेखिएको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ४९–५० |
| १५. जङ्गबहादुरले राम्रो केटो खोजी ल्याउन सुबेदार मन्नूसिंहलाई लेखेको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ५१ |
| १६. भक्तपुरदरबारमा नजरबन्दीमा राखिएका श्री ५ राजेन्द्रविक्रम शाहलाई काठमाडौंमा ल्याउने विषयमा लेखिएको अप्रकाशित पत्र | –दिनेशराज पन्त | ५२ |

# मुसलमानी दरबारका ज्योतिषी मुनीश्वरले बनाएको पाटीसार

– नयराज पन्त
सहायक – रुक्मनाथ पौडेल

## प्रस्तावना

वि. सं. २०२५ तिर पञ्चाङ्गसंशोधनको काम मेरो निर्देशनमा हुने गर्थ्यो। गणकहरू रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशी राष्ट्रिय अभिलेखालय (पहिलेको वीरपुस्तकालय) को एउटा कोठामा बसी पञ्चाङ्ग गणना गर्ने काम गर्थे। यस कामका लागि म प्रतिदिन एक घण्टा जति राष्ट्रिय अभिलेखालयमा बस्ने गर्दथें। हेमराज शर्माको पुस्तकालय **भारतीभवन** बिक्री भई त्यहाँ आएको मुनीश्वरको **पाटीसार** यही प्रसङ्गमा मैले हेर्न पाएँ। त्यतिखेरै मैले शुक्रराज वज्राचार्यद्वारा उक्त **पाटीसार** आफ्ना लागि प्रतिलिपि पनि गराएँ।

सम्पूर्ण **पाटीसार** पढिसकेपछि यसलाई छपाउन पाए हुन्थ्यो भन्ने विचार मेरो मनमा उठ्न थाल्यो। यसबारे कुरा चल्दा **पाटीसार** छापिइसकेको छ, बजारमा किन्न पाइन्छ पनि कसकसैले भने। कहाँबाट, कहिले र कसको सम्पादनमा **पाटीसार** प्रकाशित भयो तथा त्यो कहाँ उपलब्ध छ भन्ने कुराको टुङ्गो लाग्न सकेन। प्रकाशित भइसकेकै भए पनि मेरो प्रकाशन दोस्रो सस्करणको रूपमा आउनेछ, के हानि हुन्छ र भन्ने सोचेर मैले यसलाई छपाउने नै निश्चय गरें। यसो गर्दा गर्दै अहिले २७ वर्ष बितिसके। उति बेला म ५५ वर्षको अधबैंसे थिएँ, अहिले पूरा ८२ वर्ष पुगेको बूढो भइसकेको छु। अब पनि यो पुस्तक नछपाई बस्नु उचित छैन भन्ने सम्झी यसलाई **पूर्णिमा**को यस अङ्कमा छपाउन लागेको छु।

मुनीश्वरका पिता पण्डित रङ्गनाथ हुन्। **सूर्यसिद्धान्त**को आफूले बनाएको **गूढार्थप्रकाशक**नामक टीकामा रङ्गनाथले यस्तो लेखेका छन् –

**शके तत्त्वतिथ्यु१५२५न्मिते चैत्रमासे
सिते शम्भु १४ तिथ्यां बुधेऽर्कोदयाद् मे।
दलाढ्यद्विनाराच ५२½ नाडीषु जातौ
मुनीशार्कसिद्धान्तगूढप्रकाशौ ॥६॥
गूढप्रकाशकं दृष्ट्वा रङ्गनाथभवं भुवि।
मुनीश्वरस्य सहजं लभन्तां गणकाः सुखम् ॥७॥**

(**गूढार्थप्रकाशक**को अन्तिम श्लोक)

[ शकसंवत् १५२५ चैत्रशुक्ल चतुर्दशी बुधवारका दिन सूर्योदय भएदेखि ५२ घडी ३०पला जाँदा[१] मुनीश्वर र सूर्यसिद्धान्तको गूढार्थप्रकाशक नामका मेरा दुइ छोरा जन्मे ।

रङ्गनाथबाट मुनीश्वरसँगै उत्पन्न भएका गूढार्थप्रकाशकलाई हेरेर गणितज्ञहरू सुखी होऊन् । ][२]

यताबाट मुनीश्वरको वंश विद्वद्वंश रहेछ भन्ने थाहा हुन्छ । मुनीश्वरले आफ्नो पाटीसारमा सङ्क्रमणको उदाहरण यसरी दिएका छन्—

ये शाहजाहाँतुरगाः पराशावनीशसम्प्रेषितवाजियुक्ताः ।
जाताः कुवेदाष्टयमा २८४१ स्तयोस्तु भेदोऽङ्कदन्ता ३२६ वद तन्मिती माम् ॥७७॥

[ बादशाह शाहजहाँका घोडासँग पश्चिमका राजाले पठाएका घोडा मिलाउँदा २८४१ घोडा भए । ती दुवै थरी घोडाको अन्तरचाहिँ ३२६ हुन्छ भने ती दुइ थरी घोडाको मान बताऊ । ][३]

यताबाट मुगल सम्राट् शाहजहाँको दरबारसँग मुनीश्वर परिचित थिए भन्ने देखिन्छ । शाहजहाँको राज्यकाल वि. सं. १६८४–१७१५ हो । मुगल सम्राट्हरूले आफ्नो पुर्ख्यौली राज्य समरकन्दतिर आँखा लाइरहेका थिए, तर त्यहाँ अधिकार जमाउन चाहिँ उनीहरूले सकेका थिएनन् । वि. सं. १७०३ मा शाहजहाँको सेनाले निकै खर्चिलो लडाइँपछि बलखमा प्रवेश पाएको थियो ।[४] यो घटना मुगलदरबारका लागि निकै गौरवको विषय भएको थियो । यिनै कुरालाई लिएर मुनीश्वरले यस्तो पद्य बनाएका छन्—

प्रतीपविषयाशया स नरवाहिनीतीरमा-
स भूमिकरतारिखागमविशङ्क इज्यद्युतिः ।
पयोनिधिजमादिलावलिदिगीशपक्षाहते-
र्बलाद् बलखमग्रहीत् प्रवरशाहजाँहाँभिधः ॥२३८॥

(सिद्धान्तसार्वभौमको गोलाध्याय)

---

१. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

शकसंवत् १५२५ (वि. सं. १६५६) चैत्रशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | १६ | बुध | चतुर्दशी | १२ । | ४८ |

(देवीप्रसाद भण्डारी)

२. वि. सं. २०२७ मा प्रकाशित पूर्णिमा २३ अङ्कका २००–२०५ पृष्ठमा छापिएको नयराज पन्तको मुनीश्वरको पाटीसार (आत्मसंशोधन) भन्ने निबन्ध, सो अङ्कका २००–२०१ पृष्ठ । त्यहाँ छापिएका वाक्यमा अलिकति संशोधन गरिएको छ ।

३. पूर्णिमा २३ अङ्कको २०५ पृष्ठ ।

४. वि. सं. २०१७ मा कलकत्ताबाट मैकमिलन एण्ड कम्पनी लिमिटेडद्वारा प्रकाशित; रमेशचन्द्र मजुमदार, हेमचन्द्र रायचौधुरी, कालिकिंकर दत्तको यान् अड्भान्स्ड् हिस्टरि अफ् इन्डिया को योगेन्द्र मिश्रले गरेको हिन्दी अनुवाद भारत का बृहत् इतिहास (दोस्रो भाग) का ५८०–५८१ पृष्ठ ।

यस श्लोकको[५] मुनीश्वरले नै गरेको व्याख्या यस प्रकारको छ—

**इदं पद्यं दुरूहार्थत्वान्मयैव व्याख्यायते ।**

तं शाहजाँहाँभिधमिति पूर्वोक्ते तं कमित्याशङ्कायामद्भुतकृतिकर्तृत्वेन शाहजांहं वर्णयन्नुत्तरयति प्रतीपेति ।

सोऽनेकशत्रुपराजयकर्ता प्रसिद्धः प्रवरशाहजाँहाँभिधः प्रकर्षेण वरः श्रेष्ठः सार्वभौमत्वाच्च शाहजाँहाँभिधो नरपतिः बलात् स्वशौर्याद् बलखं बलखाभिधदेशम् अग्रहीच्च शत्रुतो गृहीतवान् । स क इत्यपेक्षायां प्रसिद्धत्वं विवृणोति प्रतीपेति । यत्तदोर्नित्यसम्बन्धाद् यः सार्वभौमः प्रतीपविषयाशया शत्रूणां देशस्य ग्रहणेच्छया नरवाहिनी-तीरं नरसेनानिकटदेशम् आस अध्युवास । अत्र ज्योतिःशास्त्रकथिताङ्कसङ्केतेन प्रतीपविषयाशया सनेत्यनेन यवन-मार्गप्रवर्तकस्य पैगम्बरस्य शकः सनाख्योऽन्तर्गतवर्तमानवर्ष आविर्भवति । यथा प्रतीपाः षट् विषयाः पञ्च आशा दश एवमङ्कानां वामतो गत्या षट्पञ्चाशदुत्तरं सहस्रं १०५६ सनो बलखग्रहणकालिकोऽभिव्यक्तः । तीरमासेत्यत्र स्थिरराशिरविसङ्क्रमणरूपतत्सङ्केतितसूर्यतहविलसम्बन्धेन द्वादश सौरमासाः फरवर्द्यादयः तत्सङ्केतेन प्रसिद्धास्तेषु चतुर्थो मासस्तीराख्यस्तात्कालिक इति । ननु बलखदेशग्रहणकार्यं कार्यसाधारण्यान्नाद्भुतमित्यतो नृपविशेषणच्छलेन तद्ग्रहणस्याद्भुतत्वं व्यञ्जयति भूमिकरतारिखागमविशङ्क इति । भूमिरूपो यः करो दण्डस्तस्य भावस्तत्साकल्यं करता तया अरीणां शत्रूणां खागमः खे आकाशे आ समन्ताद् गमो गमनं रिपूणां मरणमित्यर्थस्तेन विशङ्को विगतचिन्तः । अन्यकार्यसम्पादनेऽप्ययं सार्वभौमो निश्चिन्तो न जात एतत्कार्येण तु निश्चिन्तित इति बलखग्रहणकार्य-मद्भुतमेवेति भावः । अत्र भूमिकरतारिखेत्यनेन तीरमासस्यैकविंशतिमितं दिनं तात्कालिकं यवनमते मासादितो दिनसङ्ख्यानां तारिखाभिधानात् । अत एव इज्यद्युतिः इज्या श्रेष्ठा कान्तिर्यस्य महापराक्रमाधिष्ठानत्वाद् इज्यद्युति-र्बृहस्पतेर्वारस्तात्कालिकः । ननु पूर्वसार्वभौमेभ्योऽस्य नाधिक्यमेकैकतत्कार्यस्य महाद्भुतत्वश्रवणादित्यतो बल-विशेषणकथनव्याजेनाऽस्याऽधिक्यमाह पयोनिधिजमादिलावलिदिगीशपक्षाहतेरिति । पयोनिधेः क्षीरसमुद्राज्जातानि यानि मादीनि लक्ष्म्यादीनि चतुर्दश रत्नानि तानि लान्ति अनुगृह्णन्ति गृह्णन्तीत्यर्थः । एतादृशा ये देवास्तेषामावली पङ्क्त्यां ये दिगीशा अष्टौ दिक्पाला इन्द्रादयस्तेषां पक्षस्याभिमतस्याहतिर्बाधो यस्मादेतादृशाद् बलादित्यर्थः । तथा चैतादृशेन बलेन पूर्वसार्वभौमेभ्योऽस्याऽधिकत्वमिति भावः । अत्र जमादिलावलिदिगीशपक्षाहेत्यनेन पारसीका-भिमतचन्द्रदर्शनावधिकद्वादशचान्द्रमासा मुहर्रमादयस्तेषु पञ्चमो मासो जमादिलावल्याख्यस्तस्याऽष्टाविंशतिमं दिनं तात्कालिकं दिगीशसङ्केतेनाऽष्टौ दिक्पालानां तन्मितत्वात् पक्षसङ्केतेन द्वौ मासस्य पक्षद्वयात्मकत्वात् पैगम्बरसनोऽपि चान्द्रद्वादशमासैर्मोहरमाद्यैरेकं चान्द्रं वर्षमित्येतेषां सङ्ख्यायेति ।।

(लक्ष्मीपतिसङ्ग्रहमा रहेको **सिद्धान्तसार्वभौम**को लेखोट पुस्तकका १९–२० पत्र)

भिन्नाभिन्नै वंशका, भिन्नाभिन्नै सम्प्रदायका मुसलमानी शासकहरूले भारतमा भिन्नाभिन्नै प्रान्तमा वा एकच्छत्र रूपमा लगभग ६०० वर्षसम्म रजाइँ गरे । यस अवधिमा हिन्दूहरूमा मुसलमानहरूको प्रभाव प्रशस्त पऱ्यो । मुसलमानहरूसँगको संसर्गबाट नै हिन्दूहरूले अरबी पढे तथा अरबी भाषामा उल्था भएका ग्रीक ग्रन्थको विषयसँग हिन्दूहरू परिचित भए । युक्लिदको क्षेत्रमितिसम्बन्धी पुस्तक रेखागणितको नाममा र टलमीको अल्माजेस्ट सम्राट्सिद्धान्तको नाममा संस्कृतभाषामा उल्था भएका छन् । यी दुवै ग्रन्थ छापिइसकेका छन् । शाहजहाँसारणीनामक गणितको हस्तलिखित सारणी लक्ष्मीपतिसङ्ग्रहमा छ । यो सारणी परम्परागत हिन्दू सारणीभन्दा अलग खालको छ । शाहजहाँसारणी प्रकाशित भएनभएको बारेमा मलाई स्पष्ट थाहा छैन । जे होस्,

५. मुनीश्वरको यस श्लोकको अर्थ तथा यसमा उल्लिखित दिनको गणना पछि दिइनेछ ।

यति लामो गन्थन गर्नुको तात्पर्य गणित र सिद्धान्तज्यौतिषविषयका हिन्दू तथा ग्रीक ग्रन्थकारहरूका बीचमा दोभासेको रूपमा धेरै शताब्दीसम्म अरबी भाषा रहेको थियो तथा भारतमा मुसलमानी शासकहरूको चकचकी भएको समयमा अरबी बढी चलतीमा थियो भन्नु हो ।

मुनीश्वर मुसलमानी राजदरबारसँग परिचित भएका देखिन्छन् तापनि अरबी भाषामार्फत भारतमा आएका युक्लिद तथा टलमीका ग्रन्थहरूसँग यिनी परिचित भइसकेका थिएनन् जस्तो देखिन्छ। मुनीश्वरका प्रतिद्वन्द्वी कमलाकरले मुनीश्वरका लेखहरूको ठाउँ ठाउँमा खण्डन गरेका छन् । कमलाकर ग्रीक ग्रन्थहरूसँग परिचित थिए तथा तिनैको आधारमा मुनीश्वरका लेखको खण्डन गर्न अघि सरेका थिए भन्ने कुरा यिनको **सिद्धान्ततत्त्व-विवेकबाट** खुल्दछ ।

हिन्दूहरू जुनसुकै शुभकार्य गर्नुपर्दा पनि मुहूर्त हेरेर वा साइत जुराएर गर्ने गर्छन् । नेपालको प्रामाणिक इतिहास पढ्नेहरूका लागि चाँगुमा प्राप्त मानदेवको वि. सं. ५२२ को अभिलेख आकर्षक भएर रहेको छ । सो अभिलेखमा मुहूर्त शब्दको स्पष्ट उल्लेख भेटिन्छ ।[६] तर त्यस बेला मुसलमानी धर्मको प्रादुर्भाव भइसकेको थिएन । जहाँगीरका आश्रयमा रहेका कर्णपूर कविले बनाएको **संस्कृतपारसीकपदप्रकाशमा** सायतं घटिका... ।।१३।।[७] भनेर लेखिएको छ । यताबाट साइत शब्द फारसीबाट आएको हो भन्ने स्पष्ट बुझिन्छ । अचेल हिन्दूहरूको लेखा साइत शब्द आफ्नै शब्द भइसकेको छ । मुसलमानी शासकहरूको दरबारमा हिन्दू विद्वान्हरूको राम्रो पहुँच थियो तथा हिन्दूहरूले मुसलमानी विद्वान्हरूसँगको संसर्गबाट आफ्नो वाङमयमा केही नौला कुरा थपेका थिए भन्नलाई यो उदाहरण कोट्याइएको हो ।

अहिले मैले यहाँ मुसलमानी शासकको आश्रयमा रहेका सिद्धान्तज्यौतिषविषयका ग्रन्थकार मुनीश्वर र उनको एउटा ग्रन्थको बारेमा सानो चर्चा गरेँ । मुसलमानी शासकहरूको आश्रय पाएका धेरै हिन्दू विद्वान्हरूका ग्रन्थ मैले पढेको छु, तिनको विषयमा पछि सविस्तर लेख्ने मेरो विचार छ ।

वि. सं. २०५२ भाद्र १० गते शनिवार
भाद्रशुक्लप्रतिपद्

— नयराज पन्त

[ रामजी तेवारीको १३ वर्ष लाग्ने श्राद्धको दिन ]

□

---

६. वि. सं. २०३० मा काठमाडौँबाट त्रिभुवन–विश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको **लिच्छविकालका अभिलेखको** १० पृष्ठ ।

७. वि. सं. २००९ मा काशीबाट गोरक्षटिल्लाद्वारा प्रकाशित, योगी नरहरिनाथद्वारा सम्पादित **संस्कृतपारसीक-पदप्रकाशको** ५ पृष्ठ ।

# पाटीसारको मूल पाठ

श्रीगणेशाय नमः ।

गणेशो गजेशाननो विघ्नवृक्षान् सदोन्मूलयन् सिद्धिबुद्धी ददानः ।
स्वभक्तस्य मेऽभीष्टसिद्धिं करोतु तदङ्घ्र्यब्जदत्तात्महृत्षट्पदस्य ।।१।।
दैवज्ञवर्यगणसन्ततसेव्यपार्श्वश्रीरङ्गनाथतनयोऽथ मुनीश्वरोऽहम् ।
पाटीं करोमि गणितस्य सुवासनाढ्यां ज्योतिर्विदर्भगणितार्णवतारणार्थम् ।।२।।
एकदशशतसहस्रायुतलक्षप्रयुतकोटयः क्रमशः ।
अर्बुदमब्जं खर्वनिखर्वमहापद्मशङ्कवस्तस्मात् ।।३।।
जलधिश्चान्त्यं मध्यं परार्धमिति दशगुणोत्तराः संज्ञाः ।
सङ्ख्यायाः स्थानानां व्यवहारार्थं कृताः पूर्वैः ।।४।।[1]

**अत्रोपपत्तिः ।**

सङ्ख्याभेदज्ञापिका याश्च संज्ञास्तासामानन्त्यं तदानन्त्यतः स्यात् ।
अस्मादेकाद्या नवान्ताः प्रसङ्ख्याः संज्ञाभेदात् कल्पिताः पूर्ववर्यैः ।।५।।
एतत्संज्ञाभिस्त्वसङ्ख्यप्रसङ्ख्याः संज्ञासिद्ध्यर्थं बुधैः कल्पितानि ।
आनन्त्येऽप्यष्टादश १८ स्थानकानि पूर्वस्थानाद् दिग् १० गुणान्युत्तराणि ।।६।।
यत्स्थाने स्यादुक्तसंज्ञाङ्किताथा सङ्ख्या सा स्यात् तत्स्थलज्ञापिकायाः ।
सङ्ख्यायाः सद्बोधिकास्थानपङ्क्त्यां सङ्ख्याभावे शून्यवेशोऽत एव ।।७।।

**सङ्कलितव्यवकलितयोः करणसूत्रम् ।**

योज्ययोजकयोः स्थानक्रमादुत्क्रमतोऽथवा ।
ऐक्यं कार्यं यथास्थानं शोध्यशोधकयोस्तथा ।।८।।
अन्तरं चाऽन्यथा न स्तो वैजात्यादन्तरैक्यके ।
यतो लोके विजातीयान्तरैक्ये स्तो प्रतीतिजे ।।९।।

**उदाहरणम् ।**

पूर्वादिदिग्भ्यो रसवेदचन्द्रा १४६ स्तत्त्वाश्विनो २२५ वेदशराब्धय ४५४ श्च ।
अष्टाद्रिषट्काः ६७८ कनकप्रमुद्राः समागता यस्य वद स्वमस्य ।।१०।।

---

१. तृतीयं चतुर्थं च पद्यं लीलावत्या उद्धृतम् ।

न्यासः १४६।२२५।४५४।६७८ । एषां प्रथममेकस्थानस्थिताङ्कानां ६।५।४।८ योगः २३ । दशकस्थानस्थितानां ४।२।५।७ योगः १८ । शतस्थानस्थानां १।२।४।६ योगः १३ । पूर्वयोगदशको दशस्थाने युतः २० । अस्य शतस्थानी२ शतस्थाने युतम् १५ । एवं सङ्कलितम् १५०३ । प्रथमतः शतस्थानां दशकस्थानामेकस्थानामथवा शतस्थानामेकस्थानां दशकस्थानामथवा दशस्थानां शतस्थानामेकस्थानामपि यथास्थानं सङ्कलिते तदेव १५०३ ।

उदाहरणम् ।

षट्पक्षबाणाष्टकु १८५२६ सम्मितेभ्यः प्रादाच्चतुर्भ्यः ४ कथितोन्मिताश्चेत् ।
तदाऽवशिष्टं खलु तस्य किं तद् वदाशु जानासि वियोजनं चेत् ॥११॥

न्यासः १८५२६ । एभ्यः पूर्वोक्तधनप्रमितं १४६।२२५।४५४।६७८ क्रमेण न्यूनमवशिष्टम् १७०२३ । इदं यथास्थानं क्रमस्थानवियोजनेन व्युत्क्रमस्थानवियोजनेन वा सिद्धम् ।

न ह्वस्ति सव्यक्रम एव वर्णलिपौ तथा किं नहि सङ्ख्यकानाम् ।
भवेत् कथं वा लिखनेऽपसव्यक्रमोऽशुभो ह्यादृत एष विज्ञैः ॥१२॥
सत्यं परन्त्वेकमुखस्थलानां वामक्रमो वर्णपदानुरोधात् ।
सव्यक्रमो माङ्गलिकोऽत्र जातः सभासदां पङ्क्तिवदभ्युपेयः ॥॥१३॥
तथाऽप्यभ्यर्हितस्थानादङ्का नोक्ताः कथं क्रमात् ।
यथा लघ्वार्यसिद्धान्ते प्रश्नस्याऽस्योत्तरं शृणु ॥१४॥
वामक्रमादङ्कनिबन्धनं तु पूर्वस्थलस्याऽनुगमात् सदेव ।
अभ्यर्हितस्थानवशात् क्रमेण सङ्ख्या निबद्धा तदभावतो न ॥१५॥

गुणने सूत्रम् ।

गुणमितस्थलसंस्थितगुण्यकप्रयुतिरेव फलं गुणगुण्ययोः ।
गुणनजं यदि नैकपदात्मकस्तदितरो ह्युभयं च तदाऽथवा ॥१६॥
गुण्यान्त्यमङ्कं गुणकेन हन्यादुत्सारितेनैवमुपान्तिमादीन् ।[२]
एवं गुणघ्नाः सकला यदा स्युरङ्कास्तदा स्याद् गुणनं प्रसिद्धम् ॥१७॥

उदाहरणम् ।

यस्याऽस्ति मुद्रा शरसप्तदस्रा २७५ धनं हि यत् तत्त्व २५ गुणं कृतं तत् ।
व्यापारतस्तेन कतीत्यवेहि चेद् गौणमार्गे दृढता तवाऽस्ते ॥१८॥

---

२. इदमर्धपद्यं लीलावत्या उद्धृतम् ।

न्यासः गुण्यः २७५ गुणकः २५ । अथ गुणनार्थं प्रथमप्रकारोक्तरीत्या एका १ दिनवा ९ न्तानां प्रत्येकं फाडका लिख्यन्ते ।

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २ | ४ | ६ | ८ | १० | १२ | १४ | १६ | १८ |
| ३ | ६ | ९ | १२ | १५ | १८ | २१ | २४ | २७ |
| ४ | ८ | १२ | १६ | २० | २४ | २८ | ३२ | ३६ |
| ५ | १० | १५ | २० | २५ | ३० | ३५ | ४० | ४५ |
| ६ | १२ | १८ | २४ | ३० | ३६ | ४२ | ४८ | ५४ |
| ७ | १४ | २१ | २८ | ३५ | ४२ | ४९ | ५६ | ६३ |
| ८ | १६ | २४ | ३२ | ४० | ४८ | ५६ | ६४ | ७२ |
| ९ | १८ | २७ | ३६ | ४५ | ५४ | ६३ | ७२ | ८१ |
| १० | २० | ३० | ४० | ५० | ६० | ७० | ८० | ९० |

उक्तरीत्या गुणनफलं पञ्चाद्रचष्टरसाः ६८७५ ।

भागहारे सूत्रम् ।

भाज्यान्त्यमारभ्य निजस्थलेषु हरो गुणो येन विशुद्धिमेति ।
तल्लब्धमेवं फलपङ्क्तिरत्र फलं भवेद् भाज्यभवं हरेण ।।१९।।

उदाहरणम् ।

येनेषुसप्ताष्टरसै ६८७५ मितं यद् धनं शराक्षि २५ प्रमितद्विजेभ्यः ।
दत्तं स्वकीयं समभागकेन तदेकभागं वद मित्र मानात् ।।२०।।

न्यासः भाज्यः ६८७५ भाजकः २५ । उक्तविधिना फलं भागमानम् २७५ ।

वर्गे तन्मूले च सूत्रम् ।

तुल्यद्वयोर्वधो वर्गस्तन्मूलार्थं विधिस्त्वयम् ।
आद्यङ्काद् विषमं युग्मं स्थानमङ्क्यं क्रमात् ततः ।।२१।।
अन्त्यौजे शोधितो यस्य वर्गस्तं स्थापयेत् पृथक् ।
तेन द्विघ्नेन भाज्यं तदादियुग्मं फलं फलात् ।।२२।।
अग्रे न्यसेल्लब्धवर्गं तदादिविषमात् त्यजेत् ।
द्विघ्नं पङ्क्त्या मुहुश्चैवं पङ्क्तिर्मूलं भवेत् ततः ।।२३।।

उदाहरणम् ।

तत्त्वाब्धि ४२५ मुद्राः किल यस्य सन्ति व्यापारतस्तेन कृताः स्वगुण्याः ।
तद्द्रव्यमानं वद मित्र मां त्वं चेद् वर्गरूपं भवताधिरूढम् ।।२४।।

न्यासः ४२५ । तुल्यद्वयोर्वधो वर्ग इत्यनेन जातो वर्गः १८०६२५ । एतत्तुल्यमेव तद्द्रव्यम् ।

उदाहरणम् ।

येन स्वमात्मीयमथ प्रकारैः सुवृद्धिकारैः स्वगुणं कृतं यत् ।
तत् तत्त्वषट्खेन्द्रयुगाब्धिपक्षा २४४१४०६२५ जातं सखे मूलधनं वदाशु ।।२५।।

न्यासः २४४१४०६२५ । अस्योक्तप्रकारेण मूल १५६२५ मिदमेव मूलधनम् ।

अत्रोपपत्तिस्तु कृतिप्रकारादन्त्यस्थलस्थाङ्ककृतिर्विरामे ।
द्व्यन्त्याहतोपान्त्यमुखास्तदादावुपान्त्यवर्गश्चरमस्य वर्गात् ।।२६ ।।
स्थानान्तरत्वेन भवेत् तदादौ द्व्युपान्त्यनिघ्ना अपरे भवन्ति ।
उपान्त्यवर्गादपरस्य वर्गः स्थानान्तरत्वेन भवेत् ततश्च ।।२७।।
वर्गात्मराशौ प्रथमस्थलादेरोजस्थले ह्यादिमुखाङ्कवर्गाः ।
समस्थले द्व्यादिगुणाः परेऽङ्का अतोऽङ्कितोऽयं विषमान्यकाभ्याम् ।।२८।।
अन्त्यौजे शोध्यते यस्य वर्गः सोऽन्त्यो भवेत् पदे ।
तत्पराभिहतिर्द्विघ्नी शिष्टाऽस्मात् तत्परः समः ।।२९।।
द्वि २ घ्नमूलेन सम्भवतः परः स्यात् तत्कृतिः पुनः ।
विषमे शोध्यतेऽग्रे च तदा स्थानद्वयस्य हि ।।३०।।
वर्गः शुद्धस्ततः सिद्धं मूलं स्थानद्वयात्मकम् ।
ततः शेषादुक्तरीत्या मूलमग्रेऽपि जायते ।।३१।।

इत्यभिन्नषड्विधम् ।

हरेण भक्तो न विशुद्धिमेति योऽधो हरो राशिरयं तु भिन्नः ।
योगोऽन्तरं तुल्यहरांशकानां कल्प्यो हरो रूप १ महारराशेः ।।३२।।
अन्योन्यहाराभिहतौ हरांशौ राश्योः समच्छेदविधानमेवम् ।[३]
अत्रोपपत्तिर्युतिभेदहेतुः साजात्यसम्पादनमेतदेव ।।३३।।

---

३. द्वात्रिंशत्पद्यस्योत्तरार्धं त्रयस्त्रिंशत्पद्यस्य पूर्वार्धं च लीलावत्या उद्धृतम् ।

उदाहरणम् ।

पञ्चांशद्वय २/५ नगभागराम ३/७ सङ्ख्या पञ्चेशांश ५/२१ युगनवांश ४/९ पाद १/४ योगः ।
कः स्यात् तन्मितिमथ तद्विहीनवेदाः ४ किं भिन्नान्तरयुतिदक्ष तद् वदाशु ॥३४॥

न्यासः । २/५ । ३/७ । ५/२१ । ४/९ । १/४ । एते समच्छेदा उक्तविधिना ५५०४४/१३२३०० । ५८४०/१३२३०० । ६३००/१३२३०० । ६१६०/१३२३०० । ३४६५/१३२३०० । एषामंशानां योगः २७४०६/१३२३०० । एतदूनाश्चत्वारः २८०३१/१३२३०० ।

भिन्नगुणने सूत्रम् ।

अंशाहतिश्छेदवधेन भक्ता लब्धं विभिन्ने गुणने फलं स्यात् ।[४]
यतोंऽशगुण्यस्य लवात्मकेनाऽथाऽवर्त्तनं तेन हराहतिश्छित् ॥३५॥

उदाहरणम् ।

त्र्यंशद्वयं २/३ सप्तलवद्वयेन २/७ निघ्नं कियत् स्याद् वद मित्र मां त्वम् ।
पादेन १/४ निघ्नं दल १/२ मत्र किं च जानासि भिन्नं गुणनं परं चेत् ॥३६॥

न्यासः गुण्यः २/३ गुणकः २/७ । उक्तविधिना गुणनफलम् ४/२१ । द्वितीयो न्यासः गुण्य १/२ गुणकयो १/४ राहतिर्गुणनफलम् १/८ ।

भिन्नभागहारे सूत्रम् ।

छेदं लवं च परिवर्त्य हरस्य शेषः कार्योऽथ भागहरणे गुणनाविधिश्च ।[५]
यस्माद् हरस्य भवतो गुणहारकौ यौ तौ भाज्यकस्य हरणे हरताडकौ स्तः॥३७॥

उदाहरणम् ।

त्र्यंशद्वयेन २/३ वेदानां स्वर्गांशो ४/२१ विहृतः कियान् ।
तन्मानं वद भिन्नाङ्कहरणे त्वं पटुर्यदि ॥३८॥
न्यासः भाज्यः ४/२१ हारः २/३ । भजनात् फलम् २/७ ।

भिन्नवर्गमूलयोः सूत्रम् ।

भिन्नाङ्कवर्गः क्रियते यदाऽत्र तदांऽशहारोत्थकृती विधेये ।
मूलप्रसिद्धयै च पदे तयोस्तु ग्राह्ये इत्थं भिन्नगुणोपपत्तिः ॥३९॥

---

४. इदमर्धपद्यं लीलावत्या उद्धृतम् ।

५. इदमर्धपद्यं लीलावत्या उद्धृतम् ।

उदाहरणम् ।

सप्तार्धानां $\frac{७}{२}$ वर्गमाशु प्रचक्ष्व वर्गात् तस्माद् ब्रूहि मूलं च मां त्वम् ।
दक्षो भिन्नाङ्कस्य वर्गे तदीयमूले सङ्ख्याशास्त्रविद् बालकश्चेत् ।।४०।।

न्यासः $\frac{७}{२}$ । अस्य वर्गः $\frac{४९}{४}$ । अस्मान्मूलम् $\frac{७}{२}$ ।

इति भिन्नषड्विधम् ।

शून्यषड्विधे सूत्रम् ।

या सङ्ख्यका खेन ० युता वियुक्ता सा सङ्ख्यका नैति विकारमेव ।
यत्सङ्ख्यया खं ० युतमेतदेव तत्सङ्ख्यया तुल्यमथाऽभ्र ० युक्तम् ।।४१।।
शून्यं ० भवेच्छून्य ० मिदं ख ० हीनं शून्यं ० भवेत् खेन ० हतं ख ० मभ्रम् ०।
स्यादभ्र ० सङ्ख्याभिहतिश्च शून्यं ० सङ्ख्याविभक्तं नभ ० एति ख ० त्वम् ।।४२।।
सङ्ख्या ख ० भक्ता खहरा भवेत् सा शून्येन ० भक्तं नभ ० एति ख ० त्वम् ।
केचिद् वदन्त्यत्र खहारभावं ख ० वर्गमूले ख ० मथ क्रियायाम् ।।४३।।
हारो गुणः खं ० च भवेत् तदानीं तत्साम्यनाशादविकारराशिः ।
तदा न कार्यौ गुणभागहारौ खेना ० न्यथाऽभीष्टजलाञ्जलिः स्यात् ।।४४।।

उदाहरणानि ।

शून्ये ० नोनाः संयुताःपञ्च ५ के स्युः पञ्चा ५ ढ्यं खं ० किं भवेत् खो ० नयुक् खम् ० ।
शून्यं ० शून्य ० घ्नं भवेत् किं शरा ५ भ्र ० घाते किं स्यात् पञ्च ५ भक्तं च खं ० किम् ।।४५।।
कः शून्य ० वर्गः ख ० पदं च किं स्यात् ख ० भक्तखं ० किं ख ०हृताश्च पञ्च ५ ।
के स्युर्वदेदं सकलं निरुक्तं खषड्विधं चेच् श्रुतवानसि त्वम् ।।४६।।

न्यासः ५ । शून्ययुक्ताः ५ । शून्योनाश्च ५ । पञ्च ५ युक्तं शून्यं पञ्च ५ । शून्योनयुक्तं शून्यं शून्यम् । शून्यगुणितं शून्यं शून्यम् । पञ्च ५ शून्ययोर्गुणनफलं शून्यम् । पञ्च ५ भक्तं शून्यं शून्यम् । शून्यस्य वर्गः शून्यम् । शून्यस्य मूलं शून्यम् । शून्यभक्तं शून्यं जातं शून्यम् । मतान्तरे खहरः । शून्यभक्ताः पञ्च जाताः खहराः $\frac{५}{०}$ ।

अत्रोपपत्तिः शून्यस्य ० सङ्ख्याभावादिदं स्मृतम् ।
उपपन्नं परन्त्वत्र खहारे किञ्चिदुच्यते ।।४६।।
ननु यो येन भक्तोऽसौ तद्धरः स्यादतो न सत् ।
ख ० भक्त इति पृच्छाया उत्तरं खहरात्मकम् ।।४७।।
तस्मात् ख ०भक्तराशेः किं फलं प्रश्नार्थगोचरम् ।
अस्योत्तरं खहारोऽयमनन्तफल उच्यते ।।४८।।

भाज्याद्धरापचयकेन फलस्य वृद्धिरस्मात् परापचितखा० त्महरेण भक्तात् ।
लब्धेः परोपचय एतदनन्तसङ्ख्यामारोहतीति नियते परता न चास्ति ।।४९।।
श्रीभास्करार्येण कृतेऽत्र बीजे खहारराशौ परमेशसाम्यम् ।
उक्तं यतोऽङ्केन वियोजितोऽयं संयोजितश्चाऽविकृतोऽस्ति नित्यम् ।।५०।।
अस्मिन् विकारः खहरे न राशावपि प्रविष्टेष्वथ निःसृतेषु ।
बहुष्वपि स्याल्लयसृष्टिकालेऽनन्तेऽच्युते भूतगणेषु यद्वत् ।।५१।।[६]
अस्मिन् विकारः खहरेऽस्ति राशौ भिन्नाङ्कयोगे त्वथ भिन्नहीने ।
योगान्तरं तुल्यहरत्वपूर्वं कार्यं यतः केचिदिदं वदन्ति ।।५२।।
तन्नैव युक्तं गुणनेन जातो विकारको नैव युतेर्वियोगात् ।
यतः समच्छेदतया वियोगयोगाङ्गता तद्गुणनस्य सिद्धा ।।५३।।
विकारेऽपि नानन्तलब्धेर्विकारो यतस्तुल्यलब्धं द्वयोर्नाधिकोनम् ।
यतश्चोदयेऽनेकराशित्रयज्यावशाच्छून्यहारप्रभेदेऽपि भैक्यम् ।।५४।।
एवं पितृव्याः प्रवदन्ति बीजनवाङ्कुरे ते खहराः समानाः ।
फलेन सिद्धान्तजवासनाभिर्युक्ता यतस्तत् खलु युक्तियुक्तम् ।।५५।।
परन्त्वभिन्नत्रिभमौर्विकोत्था अनेकशङ्कुप्रविकल्पनेन ।
तत्रोदयास्ते खहराः प्रभिन्नास्तल्लब्धिसाम्यं गणकैरमान्यम् ।।५६।।
शङ्कुप्रभेदोद्भवभाः प्रभिन्नाः सिद्धान्तयुक्त्या कथमन्यथा भाः ।
तद्भिन्नकालेऽपि समाः कुतो न तत् ते खहारास्तु फलैर्न तुल्याः ।।५७।।
तस्मात् फलोनाधिकशून्यहारेष्वानन्त्यरूपेण फलप्रसाम्यम् ।
युक्तं ममाऽभाति सुवासनाढ्यं सङ्ख्यागतं नैव फलं यतोऽत्र ।।५८।।
निरक्षदेशे विषुवक्षणे चेच्छून्योन्मितापक्रममौर्विकायाः ।
तदुन्मिताग्रावशतः पलस्य कर्णः कथं सूर्य १२ मितः प्रसिद्ध्येत् ।।५९।।
अतः खषड्विधाख्ये यत् सूत्रं सम्यक् स्मृतं बुधैः ।
अन्यथा साधनं न स्यादेवमन्यत्र चिन्तयेत् ।।६०।।

इति शून्यषड्विधम् ।

यदुदाहरणं राशिसम्बद्धाङ्कयुतोनितम् ।
तदुदाहरणाद् भिन्ने राशिज्ञानं विलोमतः ।।६१।।

६. इदं पद्यं भास्करीयाद् बीजगणिताद् उद्धृतम् ।

स्वांशाधिकोनितोद्दिष्टक्रमादंशयुतोनितः ।
स्वहरस्तल्लवस्याऽयं हर इत्यंश उत्क्रमे ॥६२॥
छेदं गुणं गुणं छेदं वर्गं मूलं पदं कृतिम् ।
ऋणं स्वं स्वमृणं कुर्याद् दृश्ये राशिप्रसिद्धये ॥६३॥[७]
उद्दिष्टान्तिमकर्मादिव्यस्तकर्माखिलं यदि ।
दृश्यस्य क्रियते तस्य राशिः स्यादिति निश्चयः ॥६४॥

उदाहरणम् ।

यस्त्रि ३ घ्नस्त्रिभिरन्वितः स्वचरणै $\frac{३}{४}$ र्भक्तस्ततः सप्तभिः ७
स्वत्र्यंशेन $\frac{१}{३}$ विवर्जितः स्वगुणितो हीनो द्विपञ्चाशता ५२ ।
तन्मूलेऽष्ट ८ युते हृते च दशभि १० र्जातं द्वयं २ ब्रूहि तं
राशिं वेत्सि हि चञ्चलाक्षि विमलां बाले विलोमक्रियाम् ॥६५॥[८]

न्यासः । गुणः ३ । क्षेपः $\frac{३}{४}$ । हरः ७ । ऋणम् $\frac{१}{३}$ । वर्गः । ऋणम् ५२ । मूलम् । क्षेपः ८ । हरः १० । दृश्यम् २ ।

अत्र विलोमकर्मार्थमंशौ क्षेपेण $\frac{३}{७}$ ऋणेनो $\frac{१}{२}$ दृष्टौ । अथ विलोमक्रियाकरणार्थमुद्दिष्टमिदमन्त्याद् विलोमं लिख्यते ।

गुणः १० । ऋणम् ८ । वर्गः । क्षेपः ५२ । मूलम् । क्षेपः $\frac{१}{२}$ । गुणः ७ । ऋणम् $\frac{३}{७}$ । हरः ३ । इदं क्रमेण दृश्ये २ कृते जातो राशिः २८ । एवमन्यत्रापि ।

अत्रोपपत्तिः ।

अंशस्य चेद्धारमितो लवः स्यादेकस्य भागोनयुतस्य कः स्यात् ।
एवं समच्छेदतया लवोनयुक्तो हरः स्यात् सुगमं तु शेषम् ॥६६॥

इति विलोमविधिः ।

अथेष्टकर्म ।

वर्गेण मूलेन च बद्धमिष्टसङ्ख्योनयुक्तं यदुदाहृतं हि ।
तद्भिन्नमार्यैः कथितं प्रसिद्धचै दिष्टक्रियायां बुध कल्पितायाम् ॥६७॥
उद्देशकालापवदिष्टराशिः क्षुण्णो हृतोंऽशै रहितो युतो वा ।
इष्टाहतं दृष्टमनेन भक्तं राशिर्भवेत् प्रोक्तमितीष्टकर्म ॥६८॥[९]

---

७. इदं पद्यं लीलावत्या उद्धृतम् ।
८. इदं पद्यं लीलावत्या उद्धृतम् ।
९. इदं पद्यं लीलावत्या उद्धृतम् ।

अस्यार्थः। यत्रोदाहरणे राशिः केनचित् संगुणितो भक्तो वा अंशैर्युतो रहितो वा दृष्टस्तत्रेष्टराशि प्रकल्प्य तस्मिन्नुद्देशकारकोक्तिरीत्या कर्मणि कृते यन्निष्पद्यते तेन दृष्टमिष्टगुणं भजेत् फलं राशिः स्यात्।

उदाहरणम्।

व्यापारतः पञ्च ५ गुणं विधाय दत्त्वा द्विजेभ्यः श्रुतिभाग $\frac{१}{४}$ मस्य।
शेषाङ्गभागः $\frac{१}{६}$ प्रथमस्वयुक्तोऽष्टागो ७८ न्मितः स्याद् वद तद् धनं किम् ॥६९॥

न्यासः। कल्पितमिष्टं २ पञ्चघ्नम् १०। अस्य चतुर्थांश $\frac{१०}{४}$ मस्मा १० दपास्य शेषम् $\frac{३०}{४}$। अस्य षडंशो $\frac{५}{४}$ मूलद्रव्य २ युक्तो $\frac{१३}{४}$ यमालापरीत्या सिद्धो जातः। अथ दृष्ट ७८ मिष्ट २ गुणम् १५६ अनेन $\frac{१३}{४}$ भक्तं राशिर्जातः ४८।

उदाहरणम्।

अशीति ८० मूलस्य कुराम ३१ वृद्धिरेतत्प्रमाणेन निजं धनं यत्।
स्ववृद्धियुक्तं कुकृताब्धिराम ३४४१ मितं प्रलब्धं वद तद् धनं किम् ॥७०॥
अत्रोक्तवज्जातो राशिः २४८०।

उदाहरणम्।

अमलकमलराशेस्त्र्यंश $\frac{१}{३}$ पञ्चांश $\frac{१}{५}$ षष्ठै $\frac{१}{६}$ स्त्रियनहरिसूर्या येन तुर्येण $\frac{१}{४}$ चार्या।
गुरुपदमथ षड्भिः ६ पूजितं शेषपद्मैः सकलकमलसङ्ख्यां क्षिप्रमाख्याहि तस्य ॥७१॥[10]
अत्रोक्तवज्जातो राशिः १२०।

उदाहरणम्

पञ्चांशो $\frac{१}{५}$ लिकुलात् कदम्बमगमत् त्र्यंशः $\frac{१}{३}$ शिलीन्ध्रं तयो-
र्विश्लेषस्त्रि ३ गुणो मृगाक्षि कुटजं दोलायमानोऽपरः।
कान्ते केतकमालतीपरिमलप्राप्तैककालप्रिया-
दूताहूत इतस्ततो भ्रमति खे भृङ्गोऽलिसङ्ख्यां वद ॥७२॥[11]

अत्रेष्टम् १। अस्मात् पञ्चांशं $\frac{१}{५}$ हीनमिदम् $\frac{४}{५}$ इष्टत्र्यंश $\frac{१}{३}$ हीनं च $\frac{७}{१५}$। पञ्चांश $\frac{१}{५}$ त्र्यंशौ $\frac{१}{३}$ अनयोरन्तरं $\frac{२}{१५}$ त्रिगुणम् $\frac{६}{१५}$। इदमपि तस्मादेव हीनम् $\frac{१}{१५}$। दृष्टमिष्टगुणं भजेत् तेनेति जाता भ्रमरसङ्ख्या १५।

---

१०. इदं पद्यं लीलावत्या उद्धृतम्।

११. इदं पद्यं लीलावत्या उद्धृतम्।

**अत्रोपपत्तिः ।**

इष्टानुरोधादवगम्य दृश्यं तद्दृश्यकेनेष्टमितो हि राशिः ।
चेल्लभ्यते प्रष्टुरभीष्टदृश्ये कः स्यात् फलं प्रष्टुरभीष्टराशिः ।।७३।।

अथ विलोमेष्टकर्मणोरुदाहरणम् ।

स्वार्धं १/२ प्रादात् प्रयागे नवलवयुगलं २/९ योऽवशेषाच्च काश्यां
शेषाङ्घ्रिं १/४ शुल्कहेतोः पथि दशमलवान् षट् ६/१० च शेषाद् गयायाम् ।
शिष्टा मुद्रास्त्रिषष्टि ६३ र्निजगृहमनया तीर्थपान्थः प्रयात-
स्तस्य द्रव्यप्रमाणं वद यदि भवता शेषजातिः श्रुताऽस्ति ।।७४।।[१२]

अत्र विलोमकमर्थं भागाः धनं व्युत्क्रमेण स्थापिताः ६/४ १/३ २/७ १/१ । दृश्ये एते भागा युक्ताः । जातं द्रव्यमानम् ५४० । इष्टकर्मणाऽपोदमेवाऽगतम् ५४० ।

लिप्तार्धं १/२ दश १० युग् भवन्ति विकलास्तासां वियोगस्त्रि ३ युग्
भागा भागदलं १/२ गृहाणि शशिनः खत्रीन्दव १३० स्तद्युतिः ।[१३]
सत्सिद्धान्तशिरोमणौ गदितमव्यक्तोद्भवं षष्टित ६०
स्त्विष्टाख्यक्रियया कृतं स्फुटतरं टीका कृता तत्र सत् ।।७५।।

इतीष्टकर्म ।

संक्रमणे सूत्रम् ।

योगोऽन्तरेणोनयुतोऽर्धितस्तौ राशी स्मृतं संक्रमणाख्यमेतत् ।[१४]
योगोऽन्तरेणोनयुतः क्रमेण लघुर्महान् स्याद् द्विगुणो यतोऽतः ।।७६।।

उदाहरणम् ।

ये शाहजाहाँतुरगाः पराशावनीशसंप्रेषितवाजियुक्ताः ।
जाताः कुवेदाष्टयमा २८४१ स्तयोस्तु भेदाऽङ्कदन्ता ३२९ वद तन्मितो माम् ।।७७।।

न्यासः । योगः २८४१ अन्तरम् ३२९ आभ्यामुक्तप्रकारेण जातौ राशी १२५६।१५८५ ।

विषमे सूत्रम् ।

ययोर्वर्गान्तरं भक्तं तद्योगेनाऽन्तरेण वा ।
क्रमात् तदन्तरं योगस्ततो राशी पुरोक्तवत् ।।७८।।

---

१२. इदं पद्यं लीलावत्या उद्धृतम् ।
१३. इदमर्धपद्यं सिद्धान्तशिरोमणेरुद्धृतम् ।
१४. इदमर्धपद्यं लीलावत्या उद्धृतम् ।

उदाहरणम् ।

ययोरन्तरं पञ्च ५ तद्वर्गयोस्तु वियोगो नभोव्योमवेदै ४०० मितश्चेत् ।
तदा तद्युतिं चेद्युतिः खाभ्रचन्द्रा १०० स्तदा तद्वियोगं मम ब्रूहि शीघ्रम् ।।७९।।

न्यासः । वर्गान्तरं ४०० अन्तरेण ५ भक्तं जातो योगः ८० । योगा ८० न्तरा ५ भ्यां संक्रमणेन राशी $\frac{७५}{२}$ । $\frac{८५}{२}$ । वर्गान्तरं ४०० योग १०० भक्तं जातमन्तरम् ४ । योगा १०० न्तरा ४ भ्यां राशी ४८।५२ ।

अत्रोपपत्तिः ।

वर्गान्तरं योगवियोगघाततुल्यं यतः सूत्रमतो निरुक्तम् ।
वर्गान्तरं तद् बृहदल्पराश्योः स्वाभ्यस्तयोरन्तररूपमेव ।।८०।।
महतो गुणकस्य खण्डके द्वे २ लघुरेकं १ परमन्तरं च तस्मात् ।
महतः प्रथमाख्यवर्गखण्डे लघुवर्गेण विवर्जितेऽत्र जातम् ।।८१।।
उभयत्र लघोर्गुणत्वतोऽन्तरनिघ्नो लघुरत्र वर्यखण्डम् ।
महदन्तरघाततुल्यकं परमाढ्यं युतिभेदघातरूपम् ।।८२।।

इति संक्रमणम् ।

त्रैराशिके सूत्रम् ।

प्रमाणमिच्छा च समानजाती आद्यन्तयोस्तत्फलमन्यजाति ।
मध्ये तदिच्छाहतमाद्यहृत् स्यादिच्छाफलं व्यस्तविधिर्विलोमे ।।८३।।[१५]

अत्राऽन्यजातीत्यत्राऽपिशब्दोऽनुसन्धेयः तेनैकजातित्वेऽप्यक्षतिः ।

उदाहरणम् ।

पञ्चत्रिंशद् ३५ रौप्यमुद्राभिरेतत् काश्मीरोत्थं केसरं सेर १ मानम् ।
लभ्यं चेत् स्याद् रामदस्रा २३ मिताभिस्ताभिर्लभ्यं तत् कियत् कोर्तयाऽशु ।।८४।।

न्यासः ।

३५    १    २३

उक्तप्रकारेण सेरस्य चत्वारिंशड् ४० ढबुकभारत्वादिच्छाफलं षड्विंशति २६ ढबुका ढबुकद्वयस्य सप्तमांशश्च $\frac{२}{७}$ ।

उदाहरणम् ।

चत्वारिंशद् ४० रौप्यमुद्राभिरेतन्मुद्राः सप्त ७ स्यात् प्रवृद्धिस्तदा का ।
भै २७ मुद्राभिस्तां वद त्वं हि शीघ्रं पाट्यां त्रैराश्यात्मिकायां दृढश्चेत् ।।८५।।

---

१५. इदं पद्यं लीलावत्या उद्धृतम् ।

न्यासः ।

४०  ७  २७

इच्छाफलं चतस्रो ४ मुद्रा एकोनत्रिंशन्मुद्राणां चत्वारिंशद्भागश्च $\frac{२९}{४०}$ ।

उदाहरणम् ।

तत्त्वेन्दु १२५ रौप्यमुद्राभिस्तुरङ्गत्रय ३ माप्यते ।
खाक्षाग ७५० स्वर्णमुद्राभिः कत्यश्वाः स्युर्वदाऽशु मे ।।८६।।

न्यासः ।

१२५  ३  ७५०

अत्र प्रमाणेच्छयोरेकजातित्वसम्पादनार्थं चतुर्दश १४ रौप्यमुद्राणामेका १ सुवर्णमुद्रै तत्-प्रमाणेन ७५० स्वर्णमुद्राणां रजतमुद्राः १०५०० कृताः । अाभ्य उक्तविधिनेच्छाफलमश्वाः २५२ ।

व्यस्तत्रैराशिके सूत्रम् ।

इच्छावृद्धौ तत्फले ह्रासिता या इच्छाह्रासे तत्फले वृद्धता या ।
सङ्ख्याशास्त्रज्ञस्य चेत् स्यादपेक्षा स स्याद् व्यस्ताख्यानुपातः सुविज्ञैः ।।८७।।

उदाहरणम् ।

सप्त ७ सेरप्रमाणेन राशौ सस्यस्य मापिते ।
यदि मानशतं १०० तर्हि पञ्च ५ सेरेण किं भवेत् ।।८८।।[१६]

न्यासः ।

७  १००  ५

अत्र फलं प्रमाणगुणमिच्छाभक्तं जातमिच्छाफलम् १४० । एवमिच्छावृद्धावपि ।

पञ्चराशिके उदाहरणम् ।

मासे शतस्य यदि पञ्च ५ कलान्तरं स्याद् वर्षे गते भवति किं वद षोडशानाम् १६।
कालं तथा कथय मूलकलान्तराभ्यां मूलं धनं गणक कालफले विदित्वा ।।८९।।[१७]

न्यासः ।

१  १००  ५
१२  १६

---

१६. अस्य पद्यस्य लीलावत्या अधस्तनेन पद्येन सह सादृश्यं दृश्यते ।

सप्ता ७ ढकेन मानेन राशौ सस्यस्य मापिते ।
यदि मानशत १०० जातं तदा पञ्चा ५ ढकेन किम् ।।

लीलावत्या उदाहरणस्याऽढकस्य स्थाने अत्र सेरशब्दः प्रयुक्तो वर्तते ।

१७. इदं पद्य लीलावत्या उद्धृतम् ।

अत्र शतस्य १०० पञ्च ५ कलान्तरं तदा षोडशानां १६ किमित्येकमासे कलान्तरम् $\frac{४}{५}$। एकमास इदं $\frac{४}{५}$ द्वादश १२ मासेषु किमिति जातं कलान्तरं नव त्रयाणां पञ्चमांशश्च ९$\frac{३}{५}$।
कालज्ञानार्थं न्यासः।

| | | |
|---|---|---|
| १ | १०० | ५ |
| | १६ | ९$\frac{३}{५}$ |

पूर्वानुपातेनैकमासिकं कलान्तरम् $\frac{४}{५}$। अनेनै $\frac{४}{५}$ को मासस्तदाऽभीष्ट ९$\frac{३}{५}$ कलान्तरेण क इति मासाः १२।
मूलधनज्ञानार्थं न्यासः।

| | | |
|---|---|---|
| १ | १०० | ५ |
| १२ | | ९$\frac{३}{५}$ |

एकमासे पञ्च ५ कलान्तरं द्वादश १२ मासेषु किमिति लब्धम् ६०। अनेन ६० शतं १०० मूलधनं तदाऽनेन कलान्तरेण ९$\frac{३}{५}$ किमिति लब्धं मूलधनम् १६।

भाण्डप्रतिभाण्डक उदाहरणम्।

भूपैः १६ सुलभ्यत इहाऽम्रशतत्रयं ३०० चेत् त्रिंशद् ३० भुवा १ हि विपणौ वरदाडिमानि।
आम्रैर्वदाऽशु दशभिः १० कति दाडिमानि लभ्यानि तद्विनिमयेन भवन्ति मित्र ॥९०॥[१८]

न्यासः।

| | | |
|---|---|---|
| १६ | ३०० | १० |
| १ | ३० | |

अत्राऽम्रमूल्येना १६ अशतत्रयं ३०० तदा त्रिंशद् ३० दाडिममूल्येन १ किमिति त्रिशद् ३० दाडिमस्थाने आम्रफलानि १८$\frac{३}{४}$। एभि १८$\frac{३}{४}$ राम्रै स्त्रिशद् ३० दाडिमानि तदा दशा १० आम्रैः कानीति दशा १० आ्राणां दाडिमानि १६।

सप्तराशिक उदाहरणम्।

विस्तारे त्रिकराः ३ कराष्टक ८ मिता दैर्घ्ये विचित्राश्च चेद्
रूपैरुत्कटपट्टसूत्रपटिका अष्टौ ८ लभन्ते शतम् १००।
दैर्घ्ये सार्धकरत्रया ३$\frac{१}{२}$ परपटी हस्तार्द्ध $\frac{१}{२}$ विस्तारिणी
तादृक् किं लभते द्रुतं वद वणिग् वाणिज्यकं वेत्सि चेत् ॥९१॥[१९]

---

१८. अस्य पद्यस्य लीलावत्या अधस्तनेन पद्येन सह सादृश्यं दृश्यते–

द्रम्मेण लभ्यत इहाम्रशतत्रयं ३०० चेत् त्रिंशत् ३० पणेन विपणौ वरदाडिमानि।
आम्रैर्वदाऽशु दशभिः १० कति दाडिमानि लभ्यानि तद्विनिमयेन भवन्ति मित्र॥

षोडश १६ पणानामेको द्रम्मो भवतीत्यत्र स्मर्तव्यम्।

१९. इदं पद्यं लीलावत्या उद्धृतम्।

न्यासः ।

| | | | |
|---|---|---|---|
| ३ | ८ | ८ | १०० |
| $\frac{१}{२}$ | $\frac{७}{२}$ | १ | |

पूर्वोक्तरीत्या त्रैराशिकत्रयेण लब्धं मूल्यम् १ $\frac{७५}{८२}$ ।

नवराशिक उदाहरणम् ।

पिण्डे येऽर्क १२ मिताङ्गुलाः किल चतुर्वर्गा १६ ङ्गुला विस्तृतौ
पट्टा दीर्घतया चतुर्दश १४ करास्त्रिशल् ३० लभन्ते शतम् १०० ।
एता विस्तृतिपिण्डदैर्घ्यमितयो येषां चतु ४ र्वर्जिताः
पट्टास्ते वद मे चतुर्दश १४ सखे मूल्यं लभन्ते कियत् ॥९२॥[20]

न्यासः ।

| | | | | |
|---|---|---|---|---|
| १२ | १६ | १४ | ३० | १०० |
| ८ | १२ | १० | १४ | |

उक्तरीत्या त्रैराशिकचतुष्टयेन मूल्यम् $१६\frac{२}{३}$ ।

एकादशराशिक उदाहरणम् ।

पट्टा ये प्रथमोदितप्रमितयो गव्यूति १ मात्रे स्थिता-
स्तेषामानयनाय चेच्छकटिनां द्रम्माष्टकं ८ भाटकम् ।
अन्ये ये तदनन्तरं निगदिता माने चतु ४ र्वर्जिता-
स्तेषां का भवतीति भाटकमितिर्गव्यूतिषट्के ६ वद ॥९३॥[21]

न्यासः ।

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | १६ | १४ | ३० | १ | ८ |
| ८ | १२ | १० | १४ | ६ | |

उक्तरीत्या त्रैराशिकपञ्चकेन भाटकमानम् ८ । एवमन्यत्रापि ।

इति त्रैराशिकम् ।

मिश्रव्यवहार उदाहरणम् ।

पञ्चकेन ५ शतेना १०० ब्दे मूल स्वं सकलान्तरम् ।
सहस्रं १००० चेत् पृथक् तत्र वद मूलकलान्तरे ॥९४॥[22]

---

२०. इदं पद्यं लीलावत्या उद्धृतम् ।

२१. इदं पद्य लीलावत्या उद्धृतम् ।

२२. इदं पद्यं लीलावत्या उद्धृतम् ।

अत्र प्रमाणकालेन प्रमाणकलान्तरं लभ्यते तदा मिश्रकालेन किमिति प्रमाणद्रव्यस्य मिश्रकाले कलान्तरम् ६० । इदं स्वमूलयुक्तं सकलान्तरं प्रमाणद्रव्यं जातम् १६० । अनेन सकलान्तरमूलधनेन १६० मूलं १०० कलान्तरं ६० च लभ्यते तदोद्दिष्टसकलान्तरमूलधनेनानेन १००० किमिति लब्धं मूलं ६२५ कलान्तरं च ३७५ ।

यद्वाऽभीष्टं मूलद्रव्यं प्रकल्प्य पूर्वरीत्या त्रैराशिकाभ्यां तत्कलान्तरं ज्ञात्वा तद्योगेन तन्मितकलान्तरमूलधने तदोद्दिष्टयोगेन के इतीष्टकर्मणा तत्पृथक्करणं सुज्ञेयम् ।

उदाहरणम् ।

यत् पञ्चक ५ त्रिक ३ चतुष्क ४ शतेन १०० दत्तं खण्डैस्त्रिभि ३ र्गणक रौप्यशतं षडूनम् ९४ ।
मासेषु सप्त ७ दश १० पञ्चसु ५ तुल्यमाप्तं खण्डत्रयेऽपि हि फलं वद खण्डसङ्ख्याम् ।।९५।।[२३]

अत्रापि प्रमाणकालेन प्रमाणकलान्तरं तदोद्दिष्टकालेन किमिति प्रमाणद्रव्याणां स्वोद्दिष्टकालेषु कलान्तराणि । स्वस्वकलान्तरेण प्रमाणद्रव्यं तदा तुल्यकल्पितैकमितकलान्तरेण किमिति पृथक् पृथगेकसमकलान्तरेण मूलधनानि । एषां योगेनैतानि मूलधनान्येककलान्तरं च तदोद्दिष्टद्रव्येण कानीति मूलधनानि २४।२८।४२ कलान्तरं च ८$\frac{२}{५}$ ।

यद्वेष्टमूलधनकल्पनजकलान्तरेणेष्टमूलधनं तदा कल्पितेष्टतुल्यकलान्तरेण किमिति पृथङ्मूलधनानि । तदैक्येन तानि मूलधनानि कल्पितकलान्तरं च तदोद्दिष्टेन कानीति पृथङ्मूलानि कलान्तरं चेति कल्पनानुपातैरुत्पद्यत इति न दुरूहम् ।

उदाहरणम् ।

पञ्चाशदेकसहिता ५१ गणकाऽष्टषष्टिः ६८ पञ्चोनिता नवति ८५ रादिधनानि येषाम् ।
प्राप्ता विमिश्रितधनैस्त्रिशती ३०० त्रिभिस्तैर्वाणिज्यतो वद विभज्य धनानि तेषाम् ।।९६।।[२४]

अत्राऽदिधनयोगेनाऽदिधनानि तदा मिश्रितधनेन कानीति लब्धानि सकलान्तराणि मूलधनानि ७५।१००।१२५ । एतान्यादिधनैः ५१।६८।८५ रूनानि जाता लाभाः २४।३२।४० ।

उदाहरणम् ।

ये निर्झरा दिन १ दिनार्ध $\frac{१}{२}$ तृतीय $\frac{१}{३}$ षष्ठैः $\frac{१}{६}$ सम्पूरयन्ति हि पृथक् पृथगेव मुक्ताः ।
वापीं यदा युगपदेव सखे विमुक्तास्ते केन वासरलवेन तदा वदाशु ।।९७।।[२५]

---

२३. इदं पद्यं लीलावत्या उद्धृतम् ।
२४. इदं पद्यं लीलावत्या उद्धृतम् ।
२५. इदं पद्यं लीलावत्या उद्धृतम् ।

स्वस्वांशैरेकदा पूरणं तदैकेन पूर्णेन किमिति स्वस्वनिर्भरैः पृथक् पृथग् दिने वापीपूरणसङ्ख्या १।२।३।६ । युगपन्मुक्तेषु निर्झरेषु दिन एतद्योग १२ मिता वापीपूरणसङ्ख्या भवति । एतत्पूरणसङ्ख्यया १२ दिनमेकं तदैकमितया पूरणसङ्ख्यया किमिति दिनांशः $\frac{१}{१२}$ ।

उदाहरणम् ।

कर्पूरस्य वरस्य दन्त ३२ मितमुद्राभिः पलं भू १ मितं
वाणिज्यज्ञ सुचन्दनाष्टक ८ पलं चेत् प्राप्यते मुद्रया १ ।
एवं चार्वगुरोः पलानि कृत ४ तुल्यानि क्षमा १ मुद्रया
भागैरेक १ नृपा १६ ष्टकै ८ र्मम सदैतान् देहि मुद्राद्वयात् २ ॥९८॥[२६]

अत्र पण्यवस्तुमानैः १।८।४ पलैरेतानि मूल्यानि ३२।१।१ तदैकेन पलेन कानीत्येकपलमूल्यानि $\frac{३२}{१}$ । $\frac{१}{८}$ । $\frac{१}{४}$ । एकपलेनैतानि तदा स्वस्वभागमितपलैः १।१६।८ कानीति स्वस्वभागमितपलानां मूल्यानि ३२।२।२ । एतद्योगमित ३६ द्रव्येण मूल्यानि ३२।२।२ भागप्रमितपलानि च लभ्यन्ते तदोद्दिष्टमूल्येनाऽनेन २ कानीति जातानि मूल्यानि $\frac{१६}{९}$ । $\frac{१}{९}$ । $\frac{१}{९}$ पलानि च $\frac{१}{१८}$ । $\frac{८}{९}$ । $\frac{४}{९}$ ।

*समफलकालद्रव्ययोर्ज्ञानार्थं* सूत्रम् ।

पूर्वप्रमाणफलभक्तपरप्रमाणलब्धिः कु १ हीनफलसंहृत इष्टवर्गः ।
तत् स्वं द्वितीयमिदमिष्टकवर्गयुक्तं पूर्वं धनं तदुभयं समकाललब्धिः ॥९९॥

उदाहरणम् ।

एकक १ शत १०० दत्तधनात् फलस्य वर्गं विशोध्य परिशिष्टम् ।
पञ्चक ५ शतेन १०० दत्तं तुल्यः कालः फलं च तयोः ॥१००॥[२७]

न्यासः । पूर्वप्रमाणफलम् १ अनेन द्वितीयप्रमाणफलं ५ भक्तं लब्धम् ५ । अनेनैकहीनेन ४ इष्टकल्पितस्य ८ वर्गो ६४ भक्तः फलं द्वितीयधन १६ मिदमिष्टवर्ग ६४ युतं प्रथमधनम् ८० । अनयो ८०।१६ रेतत्कलान्तरेण ८ पूर्वरीत्या कालो दश १० मासाः ।

---

२६. अस्य पद्यस्य लीलावत्या अधस्तनेन पद्येन सह सादृश्यं दृश्यते–

कर्पूरस्य वरस्य निष्कयुगलेनै २ कं १ पलं प्राप्यते
वैश्यानन्दन चन्दनस्य च पलं द्रम्माष्टभागेन $\frac{१}{८}$ चेत् ।
अष्टांशेन $\frac{१}{८}$ तथाऽगुरोः पलदलं निष्केण मे देहि तान्
भागैरेकक १ षोडशा १६ ष्टक ८ मितैर्धूपं चिकीर्षाम्यहम् ॥

षोडश १६ द्रम्माणामेको निष्को भवतीत्यत्र स्मर्तव्यम् ।

२७. इदं पद्यं भास्करीयाद् बीजगणितादुद्धृतम् ।

अत्रोपपत्तिः ।

पूर्वप्रमाणफलतो गुणितं च येन स्यादन्यमानफलकं विहृतं च तेन ।
आद्यं धनं परधनं कथमन्यथा स्यात् तुल्यं फलं समयतुल्यतयाऽथ यस्मात् ।।१०१।।
आद्यान्ययोर्विवरमिष्टफलस्य वर्गो यच्चैक १ हीनगुणनिघ्नपरस्वतुल्यः ।
अस्मादभीष्टफलजातकृतेर्गुणेन व्येकेन १ लब्धमितरद्धनमेव तत् स्यात् ।।१०२।।

उदाहरणम् ।

माणिक्याष्टक ८ मिन्द्रनीलदशकं १० मुक्ताफलानां शतं १००
सद्वज्राणि च पञ्च ५ रत्नवणिजां येषां चतुर्णां धनम् ।
सङ्गस्नेहवशेन ते निजधनाद् दत्त्वैकमेकं मिथो
जातास्तुल्यधनाः पृथग् वद सखे तद्रत्नमूल्यानि मे ।।१०३ ।।[२८]

एतदानयनार्थं सूत्रम् ।

नरघ्नदानोनितरत्नशेषैरिष्टे हृते स्युः खलु मूल्यसङ्ख्याः ।
शेषैर्हृते शेषवधे पृथक्स्थैरभिन्नमूल्यान्यथवा भवन्ति ।।१०४।।

यथा नराः ४ दानं १ रत्नानि मा ८ नी १० मु १०० व ५ । नरघ्नदानो ४ नानि मा ४ नी ६ मु ९६ व १ । एतैः षण्णवतिमितमिष्टं पृथक् पृथक् भक्तं माणिक्यादीनां मूल्यानि मा २४ नी १६ मु १ व ९६ । अथवा शेषाणां घातः २३०४ शेषैर्भक्तो जातानि माणिक्यादीनां मूल्यानि मा ५७६ नी ३८४ मु २४ व २३०४ ।

अत्रोपपत्तिः ।

दानं निरेकनरनिघ्नमनेन हीना रत्नोन्मितिस्स्वपरदत्तसुरत्नयुक्ता ।
एवं धनं समतया कथितं ततोऽत्र तुल्येष्टशोधनवशान्न समत्वहानिः ।।१०५।।

यथा प्रकृते धनानि ।

मा ५ नी १ मु १ व १
मा १ नी ७ मु १ व १
मा १ नी १ मु ९७ व १
मा १ नी १ मु १ व २

प्रत्येकदानमणितुल्यविशुद्धताया एकस्थले निजधनानि समानितानि ।
जातानि दाननरघातविहीनरत्नसङ्ख्यामितान्यथ वदामि समत्वरूपम् ।।१०६।।

यथा प्रकृते रत्नशेषाणि समानि मा ४ नी ६ मु ९६ व १ ।

स्वशेषरत्नोद्भवमूल्यतुल्यं स्यादन्यशेषात्मसुरत्नमूल्यम् ।
अतः स्वशेषैः सममिष्टमूल्यं भवतं भवेदेकसुरत्नमूल्यम् ।।१०७।।

---

२८. इदं पद्यं लीलावत्या उद्धृतम् ।

लघुखण्डाद् बृहत्खण्डं यद्गुणं तद्गुणं बृहत्खण्डं राशिरिति विषयकखण्डाऽनयनार्थं सूत्रम् ।

राशिर्मुनि १४ घ्नो धृति १७ संविभक्तः फलं निजाङ्गेषु ५६ लवेन हीनम् ।
पूर्वं दलं तेन विहीनराशिः परं दलं सूक्ष्मसमोपमेवम् ॥१०८॥

उदाहरणम् ।

दश १० हस्तमितो दण्डस्तस्य खण्डे तथा वद ।
यद्येकवर्णसम्बन्धिमध्यमाहरणं श्रुतम् ॥१०९॥

अत्र यथोक्तविधिना खण्डे ३।४९ । ६।११ ।

उदाहरणम् ।

सप्ता ७ सन् मणिवणिजोऽत्र योऽधिकश्रीः स प्रादात् परधनसंमितं परेभ्यः ।
प्रत्येकं परसममेवमेव दत्त्वा ये जाताः सममणयोऽथ किं धनास्ते ॥११०॥[२९]

अस्य सूत्रम् ।

वद सैकनरैर्मितमेकधनं द्विगुणं विधु १ हीनमिदं तु परम् ।
अमुना विधिना परतोऽपि नरप्रमितस्थलगाश्वि २ हतिस्तु समम् ॥१११॥

यथा प्रथमस्य धनं ८ द्वितीयस्य धनं १५ तृतीयस्य धनम् २९ । चतुर्थादीनां धनानि ५७।११३। २२५।४४९ । नरमितस्थलस्थितद्विसङ्ख्याया २।२।२।२।२।२।२ घातसमधनम् १२८ ।

उदाहरणम् ।

श्रीकृष्णेन यदिन्द्रनीलपटलं क्रीतं प्रियार्थं ततो
भागं भीष्मसुताऽष्टमं यदधिकं रूपं तदप्याददे ।
सत्याद्याः पुनरेतदेव विदधुः सप्ताप्यनालोकिताः
पत्युः प्रापुरिमाः पुनः समलत्रं सानन्दमादिं वद ॥११२॥

द्वितीयोदाहरणम् ।

पितुर्द्रव्यं भक्त्वा निजलवमथाऽदत्त तनयोऽवशिष्टं भागेभ्यस्तदपि कृत ४ तुल्यं स चतुरः ।
ततोऽन्ये चत्वारो धृतकपटकाः स्वांशममुतः प्रकारात् तुल्यांशास्तदनु पितृतस्ते वद धनम् ।११३।

अनयोः सूत्रम् ।

यावद्वारविभागवत्स्थितहराभ्यासो भवेत् क्षेपकोऽ-
थाऽयं युग्महरे हरेण विहृतो व्येको हराढ्यो वियुक् ।
क्षेपादोजहरे तु हारविहृतात् क्षेपाद् विधू १ नो हरः
पात्यः सोऽपि हतोऽग्रकेण बहुधा राशिर्युतः क्षेपतः ॥११४॥

प्रथमोदाहरणे क्षेपः १३४२१७७२८ राशिः ११७४४०५०५ वा २५१६५८२३३ । द्वितीयोदाहरणे क्षेपः १५६२५ राशिः१२४८४ वा २८१०९ ।

अत्रोपपत्तिः सुधियाऽवधेया स्वनेकवर्णाभिधबीजजाता ।
तद्वासना विस्तरभीतितोऽत्र नोक्ता यतोऽल्पार्थक उद्यमो मे ॥११५॥

---

२९. अत्रत्यानि ११०, १११, ११२ पद्यानि कृष्णदैवज्ञरचिताद् नवाङ्कुरादुद्धृतानि ।

(पूर्णिमा ८८ अङ्कको ३८ पृष्ठपछि)

# नेवारराज्य र ब्राह्मण

– महेशराज पन्त

कालक्रमअनुसार पहिलेपहिलेका अङ्कमा पर्नुपर्ने ताडपत्रको मात्र पूर्णिमाको यस अङ्कमा चर्चा गरिएको छ। तल चर्चा गरिएका ताडपत्रमध्ये एउटा पहिल्यै छापिएको हो तापनि मेरो दृष्टि नपुग्दा छुट्न गएको थियो। नौवटाचाहिं हालै मात्र प्रकाशमा आएका वा चर्चामा आएका हुन्। अरू बाँकीचाहिं खोजीको क्रममा हालै भेटिएका हुन्।

अघिल्ला अङ्कमा नपरेका, तर यस अङ्कमा आवश्यक पुस्तक वा लेखको छोटकरी रूप र तिनको समग्र रूपलाई तयार गरिएको, रचयिताको नाउँको वर्णक्रमानुसारको तालिका यस प्रकारको छ—

मोहनप्रसाद खनाल २०४०
— वि. सं. २०४० मा काठमाडौंबाट त्रिभुवन–विश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित मोहनप्रसाद खनालको चाँगुनारायणका ऐतिहासिक सामग्री।

रञ्जना वज्राचार्य २०५२
— वि. सं. २०५२ मा ललितपुरबाट दीपकराम जोशीद्वारा प्रकाशित रोलम्बको १५ वर्ष ३ अङ्कको अङ्ग्रेजी खण्डका ६–१४ पृष्ठमा छापिएको, रञ्जना वज्राचार्यको कपअर् प्लेट् इन्स्क्रिप्शन्ज् यान्ड् पाम् लीफ् म्यानुस्क्रिप्ट्स् अफ् द हिरण्यवर्ण महाविहार अफ् पाटन् [पाटनको हिरण्यवर्णमहाविहारका ताम्रपत्र र ताडपत्रमा लेखिएका लिखत] भन्ने निबन्ध।

हेमराज शाक्य २०५२
— वि. सं. २०५२ मा ललितपुरबाट बौद्ध विहार संघ, अक्षेश्वर महाविहारद्वारा प्रकाशित हेमराज शाक्यको अक्षेश्वर महाविहार पूचो छगू अध्ययन [अक्षेश्वरमहाविहार पुलचोक – एक अध्ययन]।

४ क सङ्ख्या

ने. सं. ४८६ [वि. सं. १४२५] चैत्रशुक्लनवमी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई १६०३/४६

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको गोलो छाप छ। फोटोमा छाप स्पष्ट नआएकोले अरू बयान गर्न सकिएन।

मूलपाठ

१. ९ श्रेयोऽस्तु ।। सम्वत् ४८६ चैत्रशुक्लनवमी ।। श्रीवंलाभूम्यायां । बाहिवरथ्यायां ।। श्रीपिंथोलाछ मुढमगुह्नि गुहाद्विवास्त(व्य[१])...

२. श्रीपुलचोविहारीयबहिक्षत्र पश्चिमतः ।। श्रीसोहलनिम्मं द्विजवर श्रीचकुतीजुस क्षेत्ररुत्तरतः ।। स्वगोत्र-जेतकस्य क्षेत्र पूर्व्वतः ।। × × × × × × × × × × × × × × × × × × × × ×[२] ...(पश्चि)-

३. मतः ।। श्रीपुलचोविहारीय श्रीथंबू दाथोछें जयशीह मुल्मीस द्राम्यां[३] क्षेत्ररुत्तरतः ।। श्रीङांखाचोक वज्राचार्य्य भिक्षु श्री(व)ज्राचार्य्यस क्षेत्र पूर्व्वतः ।। श्री – – – र लाकूकस्य क्षेत्र दक्षिण(तश्च ।।[४]) एतत्मध्ये षरोप(णिकं)...

४. तद्यथा नग्रप्रवर्त्तमानविशिष्टसञ्चारार्घेन । यथोचितमूल्यमादाय । क्रयविक्रयस्वादीनेनस्वेनानिवर्त्तकं न्यायेन क्रयेन विक्रीयतम्भवति ।। यदि सत्यादेवकराजि(क विना सङ्कटविवादकाले तदा धार्ण्णकेन परिशोधनीयं अत्र पत्रार्थे साक्षी)...

५ क सङ्ख्या

ने. सं. ५०६ [वि. सं. १४४३] वैशाखकृष्णसप्तमी

यस पत्रको चर्चा हेमराज शाक्य २०५२ : ६० पृष्ठमा ६ सङ्ख्याको रूपमा गरिएको छ ।

५ ख सङ्ख्या

ने. सं. ५०९ [वि. सं. १४४६] वैशाखशुक्लप्रतिपदा

यस पत्रको चर्चा हेमराज शाक्य २०५२ : ६० पृष्ठमा ८ सङ्ख्याको रूपमा गरिएको छ ।

६ क सङ्ख्या

ने. सं. ५१७ [वि. सं. १४५४] श्रावणशुक्लपञ्चमी

यस पत्रको चर्चा हेमराज शाक्य २०५२ : ६१ पृष्ठमा ९ सङ्ख्याको रूपमा गरिएको छ ।

९ क सङ्ख्या

ने. सं. ५३४ [वि. सं. १४७१] आषाढशुक्लद्वादशी

यो पत्र रञ्जना वज्राचार्य २०५२ : १३ मा छापिएको छ ।

९ ख सङ्ख्या

ने. सं. ५३५ [वि. सं. १४७१] फाल्गुनशुक्लप्रतिपदा

यस पत्रको चर्चा हेमराज शाक्य २०५२ : ६२ पृष्ठमा २१ सङ्ख्याको रूपमा गरिएको छ ।

---

१. मूल ताडपत्र भाँचिएर गएकोले व्यको अघिल्लो भागको केही अंश मात्र देखिन्छ ।

२. मूल ताडपत्र भाँचिएर गएकोले यति अक्षरको तल्लो भाग मात्र देखिन्छ ।

३. विहारीयको य र क्षेत्रको क्षेको बीचमा यस्तो ^V/_Λ चिह्न दिई, तल खाली ठाउँमा यस्तो × चिह्न दिई, श्रीथंबूदेखि द्राम्यांसम्म थपी, अन्त्यमा पङ्क्ति जनाउन २ लेखिएको छ ।

४. मूल ताडपत्र भाँचिएर गएकोले तश्च ।। को माथिल्लो भाग मात्र देखिन्छ ।

१० क सङ्ख्या

ने. सं. ... वैशाखशुक्लअष्टमी[५]

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २२३२/२१

यस पत्रमा छाप झरेको छ।

मूलपाठ

१.  श्रेयोऽस्तु ।। (सम्वत्)... वैशाषशुद्धि ८ श्रीथंपाट राजकुर ।। वंतागृहवाशिन ।। स्वगोत्र तात आसभरिसवो ।। श्रीथशिव-

२. विषये... मूलमीस भ्राता जयराज[६] मूलमीस थ्वस उभेसवो ।। बुन बू हेलङाया संप्रधार भाषा थ्वते जुरो ०, भाषा दि-

३. वंगत पिता मनिकचंद मूलमीसता निक्षेप याङन बिरयता ।। फुजिनि बू ०, बुदि मूलमीस जयरा मूलमीस थ्व-

४. स उभेसन कास्यं ।। थ्वस उभेस बू ।। ताम बू रोव ४ थ्व बू तात आस भरिसन कास्य हेलन कास्यंता जुरो ०, थ्वते भाषा

५. ... अत्र प ।। त्राथे शाक्षि श्रीथंबू दिज श्रीजयत्राजजुस ।। स्वगोत्र भ्राता वंता मूलमीस ०, सगु मूलमीस तृयः दृष्टेति प्रमा-[७]

६. (ण)...(आ)त्य सखू मूलमीस ।। आत्य गुनराज मूलमीस ।।

१६ क सङ्ख्या

ने. सं. ५५४ [वि. सं. १४९०] कार्तिकशुक्लसप्तमी

यो पत्र हेमराज शाक्य २०५२ : १५८ मा फोटो र त्यसैको ६६ पृष्ठमा ४९ सङ्ख्याको रूपमा यस पत्रको चर्चा गरिएको छ।

---

५. यस ताडपत्रको संवत् नष्ट भएकोले यसको आसन्न समय पत्ता लाउन अर्कै उपायको अवलम्बन गर्नुपरेको छ। यस पत्रमा खेत साट्नेमध्ये एक जनाको नाउँ जयराज मुलमी र साक्षी बस्ने ब्राह्मण जयतराजको वतन थम्बु भनी लेखिएको छ। माथि (पूर्णिमा ८४ अङ्कको ५४ पृष्ठमा) १० सङ्ख्याको रूपमा छापिएको ने. सं. ५३५ वैशाखशुक्लपञ्चमीको पत्रमा जयराज मुलमीको वतन थंब (थम्बु) भनी लेखिएको छ। यस कारण यस पत्रकाजयराज मुलमी र ने. सं. ५३५ को पत्रका जयराज मुलमी उही नै हुन् भन्ने ठहऱ्याई यसलाई १० सङ्ख्याको त्यस पत्रपछिको सङ्ख्या दिइएको हो।

६. जयराको रा र मूलमीको मूको बीचमा यस्तो ^V^ चिह्न दिई, माथि खाली ठाउँमा यस्तो × चिह्न दिई, ज थपी, अन्त्यमा पङ्क्ति जनाउन २ लेखिएको छ।

७. तृयःपछि चौथो पङ्क्तिको हाराहारीदेखि दायाँ छेउमा तेर्सो पारेर दृष्टेति प्रमा लेखिएको छ।

मूलपाठ

१. ६ श्रेयोऽस्तु ॥ सम्बत ५५४ कार्त्तिकशुक्ल । सप्तंम्याया ० श्रीपुलचोमहाविहारी श्रीमत्श्रीश्रीगंबुह्रिङ भटारकासको श्रीयग्लः मा ×
२. वसु भावोः स्वमात्मा ग्रंगदान याङन वरङाया भाष ध्वते जुरो ० भावाः स येवः वसुया साखानसाख पोतान-पोत बुं श्रीबहिरिया
३. सोस्यं द्वंजमाल्व जुरो ० जदि कदाचेतः लिस श्रीबहिरिस्वङ्गतं वसुया साखानसाख बुं अप्रग्राश्रय अयासेसे वर प्रवज – (जु)-
४. रो ० श्रीबहिरीसः वसुन जोगारपेयाः स येव लिबिछें मिया संश्रगन निस्त्रपं यंजमाल्व जुरो ० ध्वतेस उपाद्धि अवेख जुयेमा
५. अत्राथे साक्षि श्रीसोहलनिह्मं कुटुंबज द्विजवर श्रीपंदुजुस मेकवृष्ठ प्रमाति ॥ शुभमस्तु सर्व्वजगताः ॥ शुभ सर्व्वदाः ॥

१८ क सङ्ख्या

ने. सं. ५६२ [वि. सं. १४६८] पौषशुक्लएकादशी

यस पत्रको चर्चा हेमराज शाक्य २०५२ : ६७ पृष्ठमा ६० सङ्ख्याको रूपमा गरिएको छ ।

२० क सङ्ख्या

ने. सं. ५६६ [वि. सं. १५०२] फाल्गुनशुक्लएकादशी

यस पत्रको चर्चा हेमराज शाक्य २०५२ : ६८ पृष्ठमा ६६ सङ्ख्याको रूपमा गरिएको छ ।

२० ख सङ्ख्या

ने. सं. ५६६ [वि. सं. १५०२] फाल्गुनकृष्णत्रयोदशी

यो पत्र हेमराज शाक्य २०५२ : १६० मा फोटो र त्यसैको ६८ पृष्ठमा ६५ सङ्ख्याको रूपमा यस पत्रको चर्चा गरिएको छ ।

मूलपाठ

१. (९) अद्य वाराहकल्पे वैवस्वतमन्वंतरे कलो युगे हेमोदवादे योंबोदीपे भर्थखण्डे नेपालदेशे श्रीपशुप-ति(तसन्निधाने)
२. (वाग्मत्याद[८])क्षिनकूले श्रीमतान्यावन्तदेशे श्रीललितपत्तने ॥ ६ श्रेयोऽस्तु ॥ सम्बत ५६६ फाल्गुणकृष्ण-त्रयोदश्यान्तिथौ ॥ पूर्व ×[१०]... (यो)-

---

८. यो व खुँडे छ ।
९. मूल ताडपत्र भाँचिएर गएकोले यति अक्षरको तल्लो भाग मात्र देखिन्छ ।
१०. मूल ताडपत्र भाँचिएर गएकोले पूर्वको वंभन्दा पछिल्लो अक्षरको अघिल्लो भागको केही अंश मात्र देखिन्छ ।

३. गे ।। शुक्रवासरे ।। दानपति शिव¹¹राज साहुस नाम्नेण स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपन्नीभूतेन ।। – – – – – ... (सा)-

४. हुस स्वआत्मापरित्यागेण श्रीपूलचोनहाविहारी श्रीमत्श्रीश्रीगन्धूह्नी भट्टारिकास नाम्नाया उपदोह तीय निक्षेपेन सम्प्रदता भ-¹²

५. वन्ति ।। अतपरं कालान्तरवृहवान्तरे वा:¹¹ श्रीश्रीराजकुलश्रीरात्रकुलादि केनोचि पीडा बाढा कर्तुं नोपलभ्यते ।। भाषा चात्र श्रीमत्श्रीश्री-

६. गंधूह्नि भट्टारिकास्के शिवराज साहुस स्वआत्मा दान याङ माङा जुरो० ।। अत्र दानरत्रार्थे साक्षिः श्रीसोहल-निह्म ब्रह्मपुरी द्विजवर ।। वंकुलि ...

५१ क सङ्ख्या

ने. सं. ६६१ [वि. सं. १५९८] श्रावणकृष्णषष्ठी

यस पत्रको फोटो मसँग छ ।

मूलपाठ

१. १ श्रेयोऽस्तु ।। सम्बत् ६६१ श्रावणवद्धि ६ श्रीयोयेकोछेंबाहारः जिवसिह भारोसः

२. हस्तोद्धारः गुन्दम्म शिवकाद्वयो कर्षाङ्क कर्ष नसि २ तस्य मासं प्रति कलन्त्रः

३. प्ल प्रति रति षु ६ निबन्दकः शायस वोहो दाम प्रत्येहङव कापड दामन चोंग्व

४. मेडपं उदारपा धनि श्रीमषनजुया ब्रह्मुणिभोजगुथिसमूहस ।। साक्षि श्रीवं-

५. विलंषु थ्याषाछें हर्षसिह भारोस ।। मेकश्रुट ।। कलन्त्र मथाचकं थंनेभालव शुभ ।।

(पछाडिपट्टि)

१. १ भूय उदार गुन्दम्म शिवका कर्ष नशि २ भाखा भुक्तरपं

२. यंने हङथो क्षेत्रा बुस त्मानि दिलिछे ।:। वर्षछि १ शाक्षि स येव

(माथिको अंशको दायाँपट्टि छेउमा पहिलो पङ्क्तिको हाराहारीदेखि तेर्सो पारेर लेखिएको)

श्रुत ।।

६३ क सङ्ख्या

ने. सं. ६८६ [वि. सं. १६२६] ज्येष्ठकृष्णसप्तमी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १६२६/५०

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

---

११. यो व खुँडे छ ।

१२. मूल ताडपत्र भाँचिएर गएकोले सम्प्रदत्ता भको तल्लो भाग मात्र देखिन्छ ।

मूलपाठ

१. १ श्रेयोऽस्तु ।। सम्बत ६८६ जेष्ठकृष्णसप्तंम्यायां ०ृ तियौ । श्रीललितब्रुमाया ०ृ श्रीमाणिगलके उत्तरस्थ श्रीनकविहारि [13]अतकिबाहार गृहाद्विवास्तव्य हर्षसिंह भारोस भ्रातेसहश नाम्ना शकासात् ।। श्रीकीर्त्तिपुरिदेश चेतलंङगृहाद्धिवास्त श्रीकीर्त्तिसिंहजुस भ्राते श्रीजितसिंहजुशः ।। थ्वश उभेश नाम्नेण स्वकीयं ृ स्वज्यमानिकं०ृ तुकलंक्षेत्रनामप्रदेशेः श्रीसोहलंनिह्म श्रीहृदयकेश देवजुशः

२. क्षेत्रशीमायां पश्चिमत ।। ङाषाचोक जयसंधराम भारोस क्षेत्रशीमाया ०ृ उत्तरत ।। श्रीङाषाचोक वंतागृह श्रीलुंगुजुश क्षेत्रशीमाया ०ृ पूर्व्वत ।। धनिश क्षेत्रेण दक्षिणत ।। एतेषाम्मधे ।। द्वादशरोपनिक ०ृ जतक्षेत्र रोवाङ्कू रोव श्लंनशि १२ थ्वतेश धार्ण्ण स्वादिकारन षुबोश छिबो जुरो ०ृ ता क्षेत्र सक्रसकं परिभो जथा-नगरकालप्रवृत्तमानसंश्चारार्घेण यथोचिवतमूलेमादाय श्रीविक्रीस्वादिनेन त्वर्त्तकः न्या-

३. यन क्रेण विक्रीयतं भवति जद सत्या ०ृ देवीकराजिक विना शङ्कद्व्यावादकाले तदा धार्ण्णकेन परिसोधनीयं ृ अत्र पत्रार्थे साक्षि श्रीङाषाचोक धार्ण्ण स्वगोत्र श्रीलुंगुसिहजुश दृष्ट ।। शुभ ।। क्री पत सर्व्व सोधान धुंग जुरो ०ृ ।।

(पछाडिपट्टि)

तुरत्व धबु

७२ क सङ्ख्या

ने. सं. ७०३ [वि. सं. १६३९] मार्गकृष्णअमावास्या

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ए ८५६/१२८

मूलपाठ

१. (१ श्रेयोऽस्तु ।। सम्बत्) ७०३ मार्गशिलमास्यः कृष्णपक्ष ।। अमावा[14]स्यां तिथौं ।। पूर्व्वाषाढनक्षत्रे ।। शनैश्चलवाशरे ,, सूर्य्यग्रास माहाप्रर्व्वदिने ,, थ्व दिन कुह्न, शुहस्तन दुंन्ता ,, दि ××××× ह्लामयियात निमितिन ,, व बुया ृ हङ(ाय)...

२. ... हो लाव तंका १ जव तंका २ थ्वया व्रसानन ,, ग्यानदेवया ब्रह्मा नि छह्नं नापं राचक भोज वोन्यमाल ,, मवोकारे ,, पंचमाहापातक राकु वाकाकारे ,, उव्रत जुरो ृ – प्वन्य याङान जोज(मा[15])...

३. ... ह[16] जुरों ,, श्रायु आरोग्य ृ जनधनसंन्तानवृद्धिलस्तु ।। थ्वते भाषया दृष्टसाक्षि श्री २ चंन्द्रसूर्य्य-विवाक ।। शुभं ।।

७३ क सङ्ख्या

ने. सं. ७०६ [वि. सं. १६४२] कार्तिकशुक्लएकादशी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई १९०३/३८

यस पत्रमा छाप परेको छ ।

---

१३. अतभन्दा अगाडिको अक्षर लेखेर मेटिएको छ ।

१४. यो व खुंडे छ ।

१५. मूल ताडपत्र भाँचिएर गएकोले जभन्दा पछिको अक्षरको बीचको भाग नष्ट भएको छ ।

१६. मूल ताडपत्र भाँचिएर गएकोले हको अघिल्लो अश देखिँदैन ।

मूलपाठ

१. ৎ शुभ ।। सम्बत् ७०६ कार्त्तिकशुदि ११ श्रीमध्यमपुरदेशया . इनायलाछिटोलया . आबुकछेयाह्मा . नरसिंह दुवारन . ह्लापायागु . श्री ३ देगुलि . देग्वल . पियाओ . दु थाने मालगु दु थाङाओ[१७] . श्री ३ देगुलि देओया . देग्वल मिनकं . ह्लोङाओ . सिद्ध यकाओ . लूया त्रिशूल . लुया गजूल छायाओ . त –[१८] ल घंठ छग्वल तयाव . नित्येया पुजा जोरन . मालव्व व – जा जोलन[१९]...

२. सिद्ध यकाओ . थओ पुत्र . किर्त्तिसिंह दुवार . समूचयेन . चोलस फँचा . सा . मेस . सला . किसि . दान याङाओ . ह्मं २४ ब्राह्मनभोजन यातकाओ . लख्याहूति . जगे याङाओ . ब(बुली) चिङाओ . थ्व दवलिया . कुनस . सम्बत्‌लोहो स्वाङाओ . श्री ३ (दे)गुलि देओग्वल प्रतिस्था याङागु दिन थ्व जुलो ।। ।। जिछेया . देगुपूजाङाओ बुनु . जि . जि वंशया श्री ३ देगुलि देओस्के . जि वंशया . ह्लापा× × × × ×[२०]...

३. शया बाहिक . मेवया ह्लापा पूजा याय मदु जुलो ।। ।। साध . श्री ३ इष्टदेओताया . देग्वलया . जओगु खापा छपातं किछि . जिगु वंशया . मूल पूजाभाल दियेमाल जुलो . जओस चोङगु . थ्व निघलं जिगु जुलो ।। ।। देओया खओखे चोङगु . खापा छपातं किछि था थूखे लियाओ . दाना एकया वंशया . मूल पूजामाल दियेमाल जुलो ।। ।। थ्व बेलसं . निदान शुओन पील्वापु जुलसा . पूजावालि दिगुलि ङ...

४. नं . छिनय याङाओ . प्रतिपाल याङाओ . धुगु काथन पूजा याङाओ बियमाल जुलो ।। थ्वतेया दृष्टसा[२१]क्षि . पंचभुतानि . लिखित गुणदेस कस्त ।। शुभं ।।

७३ ख सङ्ख्या

ने. सं. ७०८ [वि. सं. १६४५] वैशाखशुक्लषष्ठी

यस पत्रको नकल काठमाडौँ भद्रकालीमा रहेको गुठीलगत तथा तहबीलकार्यालयमा छ । यस नकलपत्रको माइक्रोफिल्म, नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या के १०३/३१ मा छ।

मूलपाठ

१. ৎ स्वस्ति ।। श्रीश्रीजयत्रैलोक्य मलदेव प्रभु ठाकुरसन प्रसादा-
२. रपा गृहमण्डलस्मिन् श्रीश्रीराजकुलगृहेण पश्चिमतः म-
३. ण्डप्टचायो उतरतः ग्राहकस्य गृहेण पूर्वतः श्रीश्रीराजकुल-
४. गृहेण. अंगनाया. दक्षिणतश्च एतन्मध्य यंपलाछेटोल

---

१७. मूल ताडपत्र भाँचिएर गएकोले ओको डिकोभन्दा माथिको भाग देखिँदैन ।

१८. मूल ताडपत्र भाँचिएर गएकोले लभन्दा अघिल्लो अक्षरको केही अंश मात्र देखिन्छ ।

१९. मूल ताडपत्र भाँचिएर गएकोले नको डिको देखिँदैन ।

२०. मूल ताडपत्र भाँचिएर गएकोले यति अक्षरको तल्लो भाग मात्र देखिन्छ ।

२१. मूल ताडपत्र भाँचिएर गएकोले साको माथिल्लो भागको केही अंश मात्र देखिन्छ ।

५. यंपलाछेंबाहारया योकुलिकुन मूलछेंवा बालक बोधन-
६. क्व कूल मुलयं क्यंक्व मातानन सहित लिवि वंवो याखान जि-
७. सखु कु १६ प्रमानं जुरो तत गृह बहिद्वाराङ्गनस्यंवनीकाय-
८. क्षस्थापनमार्गधारापूर्वसोसिमापरिभोगं तत ययो देश-
९. कालप्रवर्तमानस्तथा संचार्घेन सुवर्णपुष्पमालार्घप्र-
१०. ढौकितमादाय कयविक्रयस्वाधिनेन क्रियेन विक्रो-
११. तं भवति ।। श्रीखप्वूभुम्यां. शिवगलस्थाने यंपलाछे-
१२. टोलधिवासिन नारायणसिंहभारोनाम्ने प्रसादिकृतं
१३. अत्र पत्रार्थे दृष्टश्रुतसाछि विप्र ह्व् छेंटोल श्रीगोपालदेव
१४. लिखित कायस्थ राघवसिंह ।। सम्बत् ७०८ वैशाखशुदि
१५. ६ शुभम्

१६२ क सङ्ख्या

ने. सं. ८११ [वि. सं. १७४८] वैशाखशुक्लपूर्णिमा

यो पत्र मोहनप्रसाद खनाल २०४० : ३१०–३११ मा छापिएको छ ।

१६२ ख सङ्ख्या

ने. सं. ८११ [वि. सं. १७४८] वैशाखकृष्णअमावास्या

यस पत्रको नकल भद्रकालीमा रहेको गूठीलगत तथा तहबीलकार्यालयमा छ । यस नकलपत्रको माइक्रोफिल्म; नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या के २११/७ मा छ ।

मूलपाठ

१. स्वस्ती श्रीमत्पशुपतीचण कमलधुरीधुसोःरोरु हश्रीमन्मानेस्वरीईष्टदे-
२. वतावरलब्धप्रसाददेवेमानमानोत्रतीकुलतीलकहनुमध्वजनेपा-
३. लेश्वर मा.हाँराजधीराजराजेन्द्रसकलराजचक्राधीश्वरश्रीश्रीजयेभु-
४. पालींन्द्रमल्लपरमभटारकदेवानां सदा समरवीजईनां ।। श्रीमत्देवपत्तन
५. मातामंडील: गृहवास्तवे परदेसी शीवनारायेण भट्टजुयात: चयेगु स्व-
६. यंभुलींग श्रीकीलेश्वर माहादेवया वैसाषवदी अमावास्या: षुनु रथ १
७. तया चीलाष प्वात २ तयागु समेत् यात पुजागुठी. नीमीत् प्रसंन जुया
८. स्ठाठू बु रो ७ ।। की फं ११२।४ ऐ रो १ ।। कि फं १ ।। कि फं २२।४ फेलाको बु रो ५ की फं ७५ बाहु-
९. न ह्मं १ खकीं बुधांवेल् बु रोः १ ।। की फं २२।४ श्वते बुय. वलसाधन की कया वह
१०. नेगु: वैसाषकृष्णअमावास्या: खुनु रथ सेनसा ल्होने तंका १ तयेमाल् चीलाष
११. प्वात २ यात चोकं. फं १ द्तीया षुनु जात्राया येह्म छिन्नमस्तायात बाहाँ १ पंचोपचारपु-

१२. जाः थानसः वाहँ १ पंचोपचारपुजा श्रीकीलेश्वर नारायेनः पंचामृत. तया पुजार-
१३. थ चींलाष ह्ल १० भत्तजुसमेतं यातः भछेमोजन यायेमालः थ्वते र.थगुठी भट्ट-
१४. जुया दरसंतान वतले हेने मदयकं चोस्य बीयाः हाङाव ली बाकी सेख दको भुक्त-
१५. लपे दयेकं: लु याङाव प्रसादलपा थ्वते वर्ष वर्ष जात्रा रथ गुठीपुजा याङाव
१६. नोष्टलपेमाल जुलः भट्टजुया दरसंतानन कलंख थया ङाणसा राजानं बीचा-
१७. र याये दु उप्रांत राजानं बीचार याये मदु धका तालपत्रस चोया बीया थ्वतेया
१८. या दृष्टसाछि नरनारायेण मल्ल लीखीत नानदेव कायेष्ट जुल सम्बत्
१९. ८११ वैसाक अमावास्या शुक्रवार शुभं

२२१ क सङ्ख्या

ने. सं. ८३५ [वि. सं. १७७१] कार्तिककृष्णसप्तमी

नेपालीमा उल्था गरिएको यो पत्र काठमाडौँ भद्रकालीमा रहेको गूठीलगत तथा तहवीलकार्यालयमा छ। यस पत्रको माइक्रोफिल्म, नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या के ३५८/५४ मा छ।

मूलपाठ

१. स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलीधूसरितशिरोरुहश्रीमान्मानेश्वरीष्टदेवतावलब्धप्रसादवे-
२. दीप्यमानमानोन्नतश्रीलधुवंशावताररविकुलतिलकहनुमध्वजनेपालेश्वर. महाराजाधिराजराज-
३. राजेन्द्रसकलराजचक्राधीश्वर. श्रीश्रीजयभास्करमल्लपरमभट्टारकदेवानां सदासमरविजयिनां
४. प्रभु ठाकुरबाट मन्थनमा बस्न्या विप्र श्रीरामेश्वर जैसिलाई प्रसन्न भैकन दिया ।। माहाकालषेतक्ष-
५. त्र नाउ भयाको ।। त्रिरम्बकेन बाटोदेषित् पश्चिमत श्रीश्रीराजाको रैकरदेषित् उत्तरत. वाग्म-
६. तीदेषित् पूर्वत श्रीश्रीराजाको पाष जग्गादेषित् दक्षिणत एतेषां मध्ये ।। एत्ति चार किल्लाभि-
७. त्र पंचपंचाशद्रोपनीकं षेत रोपनि ५५ अंकले पनि पचपन्न रोपनी बिहि कर्ष २ घल्यालि क-
८. र्ष २ दाना कटालि खलक भाग्यदेषित् पश्चिमत स्यालमति नदीदेषीत् उत्तरत. श्रीङ्तको मा-
९. जुहरुको देषित् पूर्वत वाग्मतीदेषित् दक्षिणत ।। यस् षेतको जस्तो देशकालमा चलायाका
१०. मूल विचार गरि श्रीराजाको छाप भयाको मोहर लीकन आपना अधिकार गरि किनु बेचनु भ-
११. न्या गरिदिया ।। बाबत् बन्ध्या मजरति षेत लीकन सता दिया ।। खजहरु जति श्रीलक्ष्मी-
१२. नारायनको आधि आधि ।। यस् पत्रको दृष्टसाक्षि श्रीनीजनारायण मल्लदेव ।। सम्बत् ८३५
१३. कार्तिककृष्णसप्तमि ।। ।। शुभम् ।।

□

# प्रताप मल्लले दलखम्ब बानियाँलाई लेखेको पत्र

– दिनेशराज पन्त

प्रताप मल्लले मकवानपुरका भारादार दलखम्ब बानियाँलाई लेखेको पत्र मधुपर्कमा छापिएको २५ वर्ष[1] र त्यहीँबाट सारी गोरखाको इतिहासमा मैले छपाएको पनि ११ वर्ष[2] भइसकेको भए तापनि मूल पत्र मैले देखन पाएको थिइनँ। नेपाल राष्ट्रिय अभिलेखालयमा शोकेसमा सजाएर राखिएका सामग्रीमा वि. सं. २०५२ माघ ३ गते मेरो आँखा पऱ्यो र तिनमा प्रताप मल्लको सो पत्र पनि रहेछ। शोकेसमा राखिएका सामग्रीमध्ये आफूलाई चाख लागेका जतिको फोटो लिने विचार मैले गरेँ र अभिलेखालयका अधिकारीहरूको सौजन्यले मेरो इच्छा पूरा पनि भयो।

फोटोसँग दाँजेर हेर्दा मधुपर्कमा छापिएको पाठमा कहीँकहीँ संशोधन गर्नुपर्ने देखिएकोले शुद्ध पाठ यहाँ दिँदैछु।

श्रीश्रीश्रीगुह्येश्वरी श्रीश्रीश्रीपशुपतिर्जयति ॥

(यसपछि रातो छापमा सूर्य)

निजकुलपितामहाय श्रीश्रीश्रीरामचन्द्राय नमः ॥

(कालो छापभित्र)

श्रीश्रीकवीन्द्र राजराजेन्द्र सकलराजचक्राधीश्वर जयप्रतापमल्लदेव


१. १ स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्माने-
२. श्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतरविकुलतिलकह-
३. नूमध्वजनेपालेश्वरमहाराजाधिराजश्रीश्रीकवीन्द्रराजराजेन्द्रसक-
४. लराजचक्राधीश्वरजयप्रतापमल्लपरमभट्टारकदेवानां सदा सम-
५. रविजयिनां स्वस्ति सर्व्वोपमायोग्यगंगाजलनिर्म्मलपवित्रपात्रद-
६. लषम्बवानिञाकेषु आशिषपूर्व्वकपत्रमिदं आगे इहा कुसल राउर
७. कुसल चाही जेहिते परम आनन्द होइ. आगे जे राउरसे साहुति

---

१. वि. सं. २०२७ मा काठमाडौँबाट गोरखापत्र करपोरेशनद्वारा प्रकाशित मधुपर्क ३ वर्ष ४ अङ्कका २२–२७ पृष्ठमा छापिएको बुद्धिसागर पराजुलीको प्रतापमल्ल र शुभसेन भन्ने निबन्ध, त्यस अङ्कका २५–२६ पृष्ठ।

२. वि. सं. २०४१ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित उनैको गोरखाको इतिहास (१ भाग)को १३६ पृष्ठ।

प्रताप मल्लले दलखम्ब बानियाँलाई लेखेको पत्र



८. कँल ऽहल से परमेश्वर ग्रा निक रवैग्रा भैल हि. जेहि भाति सुभय
९. सेन राजा होहि से कँलजाग्रो हमहू दुइ जना दरबार भेजीला ए-
१०. हि कामकँह रौरे सन्देह जनि राषीजु रौरे ग्रपने मने मन्त्रणा ग्र-
११. र्थं विचारल जाग्रो परिनाम कह. जहा हम ताहा राउर जहा रउ-
१२. र तहा हम एतनासे सभ ग्रर्थ बूझल जाग्रो जौने उपाएते सुभय
१३. सेन राजा होहि से कँलजाग्रो हम राउर साहुतिभितर ग्रओ-
१४. र समाचार जे माधग्रो षत्री कहहि से प्रमाण फागुनवदि ९
१५. मोकाम श्रीमत्कान्तिपुरमहानगरे = = == = = =

□

# काठमाडौँ र पाटनका राजाका, वि. सं. १७५५ देखि १७९३ सम्मका पाँचवटा अप्रकाशित पत्र

– दिनेशराज पन्त

वि. सं. २०३७ देखि **गोरखाको इतिहास** तयार गर्ने प्रसङ्गमा तात्कालिक गोरखाराज्यको विभिन्न ठाउँमा घुम्ने र गोरखा, धादिङ र नुवाकोटका मालअड्डामा पनि त्यससम्बन्धी कागतपत्र खोज्ने काम मैले गरेको थिएँ। लिच्छविकालदेखि वि. सं. १७९९ सम्मको गोरखाको विषयमा थाहा पाइएसम्मका कुरा प्रामाणिक रूपले प्रकाशमा ल्याउने विचारले काम थाल्दा धादिङमालमा सम्बद्ध नकै कागतपत्र भेटिए, गोरखामालमा पनि केही भेटिए। नुवाकोटमालमा भने त्यससँग सम्बद्ध सामग्री केही पनि भेटिएन।[1] खोजीको क्रममा पाइएसम्म सम्बद्ध सामग्री खोज्ने र नपाए अन्यत्र काम लाग्ने अरू सामग्री पनि सार्दै जाने लक्ष्यअनुसार अरू सामग्री पनि जो सकेको सङ्ग्रह गर्दै जाने नीति मैले लिएको थिएँ। त्यसै प्रसङ्गमा वि. सं. २०३८ आश्विन-कार्तिकमा गरेको नुवाकोट-यात्रामा मल्ल राजाहरूले गरिदिएका ताम्रपत्र आदिका नुवाकोटमालअड्डामा रहेका नकल लिने काम मैले गरेको थिएँ।[2] नकल पेश गर्नेको ठेगाना ती सामग्रीमा भएका हुनाले ती ठाउँमा पुगी मूलसँग रुजू गरी प्रकाशमा ल्याउने

---

१. वि. सं. २०५० मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित उनैक **गोरखाको इतिहास** (४ भाग)को वक्तव्यको ३० पृष्ठ।

२. यस लेखमा परेका ५ वटा पत्र, यहीं अङ्कमा तल आउने भूपालेन्द्र मल्लले वीरभद्र उपाध्यायलाई गरिदिएको अप्रकाशित ताम्रपत्र र श्री ५ पृथ्वीनारायण शाहले धर्माङ्गद पण्डितलाई कन्यादान दिएको कुरा परेको वि. सं. १८६३ को अप्रकाशित पत्र नुवाकोटमालमा सङ्ग्रह गर्दा सहयोग गर्ने श्रीरुक्मनाथ पौडेललाई धन्यवाद छ।

मेरो विचार थियो तापनि यतिका वर्षसम्म पनि म ती ठाउँमा पुग्न सकिनँ । मूल सामग्री हेर्न नपाइएकोले ती सबै कति अशुद्ध छन् भनी भन्न सकिँदैन तापनि मोटामोटी रूपमै पनि ती अत्यन्त भ्रष्ट छन् भनी भन्न सकिन्छ । थाहा पाइएका जति सबैको उल्लेख यहाँ गर्न सम्भव छैन तापनि केही उदाहरण तल दिइन्छन्–

१ सङ्ख्यामा

१) वरलब्ध हुनुपर्नेमा वलरद्ध भएको २) प्रगातसिमाया हुनुपर्नेमा प्रयातसिनाया भएको ३) क्षत्रांकतोपि हुनुपर्नेमा क्षत्रकंतोयि भएको ४) मल्लदेवस हुनुपर्नेमा मल्लदेवसा भएको ।

२ सङ्ख्यामा

१) शिरोरुह हुनुपर्नेमा सोरोरुह भएको २) संगीतार्णवपारग हुनुपर्नेमा संहीतार्णवपारगु भएको ३) छेवा हुनुपर्नेमा छेपा भएको ४) धैया हुनुपर्नेमा धैया भएको ५) प्रसादारया हुनुपर्नेमा प्रसादारया भएको ६) थवतेया हुनुपर्नेमा थवतेवा भएको ७) श्रीराजपत्नी हुनुपर्नेमा श्रीराजयाती भएको (नेपाली उल्थामा श्री राजयत्न भएको) ८) नकबहार हुनुपर्नेमा नकबहाह भएको ९) घरको हुनुपर्नेमा धरकी भएको ।

३ सङ्ख्यामा

१) श्रीमाणिग्लाधिपति हुनुपर्नेमा श्रीमालिग्लाधिपति भएको (नेवारीको ण नचिनी ल पढेको) २) एतन्मध्ये हुनुपर्नेमा नुतन्मध्ये भएको (नेवारीको ए नचिनी नु पढेको) ३) आदाय हुनुपर्नेमा आडाये भएको ४) श्रीऋद्धिनरसिंह हुनुपर्नेमा श्रीशुद्धिनरसिंह भएको, पुस्तकखाना (वीरपुस्तकालय)बाट तयार गरिएको उल्थामा त अझ श्रीअर्गारसींह भएको ५) शुभम् हुनुपर्नेमा शुगं भएको ।

४ सङ्ख्यामा

१) धूलिधूसरितशिरोरुह हुनुपर्नेमा धुलिधुससीरोरुह भएको २) लब्धप्रसाददेदिप्यमानमानोन्नत हुनुपर्नेमा लबधप्रसाड्देदिप्यमानमानोन्त भएको ३) तिलकहनुमद्ध्वज हुनुपर्नेमा तीलकहनुमजध्वज भएको ४) कृपाकटाक्षवलितविक्रमोपार्जितवारणाकरसमुद्भूतगजेन्द्रपति हुनुपर्नेमा कृपाकटाक्षवसीतविक्रर्मोपारजीतवारणाकरसमुततगजेन्द्रपती भएको ५) पश्चिमतो हुनुपर्नेमा पश्चीतो भएको ६) शुभम् हुनुपर्नेमा षुभम् भएको ।

५ सङ्ख्यामा

१) स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतश्रीरघुवंशावताररविकुलतिलकहनूमद्ध्वजनेपालेश्वरमहाराजाधिराजराजराजेन्द्रसकलराजचक्राधीश्वरनिजेष्टदेवदेवेश्वरीकृपाकटाक्षवलितविक्रमोपार्जितवारणाकरसमुद्भूतगजेन्द्रपति हुनुपर्नेमा स्वोस्ती श्रीमत्पसुपतीचरणकमलधुलीधुसलीतसीरोरुहश्रीमंमानेसोरीष्टदेवतावरलभव्रप्रसाददेदीपेमानमानोंनत्श्रीरगुवंशाअवताररवीकुलतीलकहनुमद्धोजनेपालेश्वोरमाहाराजाधीराजराजराजेंद्रसकलराजचक्राधीस्वोरनीजेष्टदेवतदेवेस्वोरीकोपाकटाछेवलीतवीक्रमपारजीतवारलोकरसपुतगजेंद्रपती भएको २) प्रसादिकृतं हुनुपर्नेमा प्रसाद्रीकीतं भएको ३) नामसंज्ञकं हुनुपर्नेमा नामसंरीकं भएको ४) यात्राघातन हुनुपर्नेमा यात्राद्यातन भएको ५) क्षेत्रांकतोपि बुं हुनुपर्नेमा छेत्रांकटोपी गुं भएको ६) घल्याली हुनुपर्नेमा चाल्याली भएको ७) प्रवर्तमानसंचाराघेन हुनुपर्नेमा परव्रतमानसंचारयेत भएको ८) पत्रार्थ हुनुपर्नेमा प्रतारथ भएको ९) नवमी हुनुपर्नेमा नवोमी भएको ।

यी केही नमूना मात्र हुन् । यी सबैको उल्लेख यहाँ गर्न सम्भव छैन । यहाँ प्रशस्ति आदि सामान्य कुरा बिग्रेको उदाहरण मात्र अरू सामग्रीको आधारमा अन्दाज गरी दिन सकिएको छ । अरू उदाहरण दिन सकिएको छैन । मूल पत्र हेरेपछि पत्र पाउने मानिसको नाउँ, ठाउँको नाम, जग्गाको नाम, जग्गाको सङ्ख्या आदिमा पनि फरक पाउन सकिन्छ । त्यसतिर सम्बद्ध सबैको ध्यान जाओस् भन्ने अनुरोध गर्दै मालकार्यालयमा जुन पाठ पाइयो, सोही पाठ यहाँ प्रकाश गरिएको छ ।

१ सङ्ख्या

श्री १

१. स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरिष्टदेव-
२. तावलरद्धप्रसाददेदीप्यमानमानोन्नत्श्रीरघुवंशा – – रविकुलतिल-
३. कहनूमध्वजनेपालेश्वरमहाराजाधिराजराजेन्द्रसकलराजचक्राधीश्वर-
४. श्रीश्रीजयभुपालेन्द्रमल्लपरमभट्टारकदेवानां सदा समरविजयीनाम् प्रभु थाकु-
५. रसन देवदालीस्थानस्थितविप्ररामानन्दपाध्यानाम्ने संप्रदतु स्थानस्य प-
६. श्चिमदिशि बेलववत राता आम्बोल्याक्षत्रनामसंज्ञकं नद्याया पश्चिम-
७. तो प्रयातसिमाया उत्तरतो दक्षिणतश्च बवदव्यासिमाया पू-
८. र्व्वतो एतेषां मध्य सष्टिरोपनिकं क्षत्रकंतोयि बु रो ६० घल्यालि
९. वल कर्ष २ डिहि वल कर्ष २ थोते बू देवदालिया बु दु कास्य बिज्याङाव
१० पादशि प्रसन्न जुस्य बिज्याङा ।। अत्र पत्रार्थे दृष्टसाछि श्रीश्रीजयभा-
११. स्कर मल्लदेवया सम्वत् ८१९ कार्तिकवदी १० रोज शुभम – –

(बेलकोट घर भई हाल का. इ. टङ्गाल बस्ने रविदत उपाध्यायले वि. सं. २००८ चैत्र १५ गते बृहस्पतिवार चढाएको निवेदनमा यो पत्र छ । )

२ सङ्ख्या

श्रीकरुणा सहाय

१. स्वस्ति श्रीमत्पशुपतीचरणकमलधूलीधूसरितसीरोरुहश्रीमन्मानेश्व-
२. रीष्टदेवतावरलब्धप्रसाददेदिप्यमानमानोन्नतरबिकुलनिलकहनुमध्वजसं-
३. हीतार्णवपारगुमहाराजाधीराजश्रीश्रीजययोगनरेन्द्रमल्लदेव प्रभु ठाकुर-
४. सनः ।।
५. भिरनछेपा कर्म्मा गुरुयातन्तात्म्वापत्र चोस्यें
६. प्रसन्न जुरङाया भाषा श्वति भाषा पुरचोक-
७. या क्षेत्रीस भी ममोङ पोकाय काम्रो माणि-
८. ग्लभागस णभि सस्तीक यज्ञ पातकास
९. प्रसादालपा तमा गुरु सव धंया खेत खेति
१०. ङा पूजठा चतुराद्याटेन परिवेहिन श्वती बु

११. थ्व कार्म्मा गुरु रामान कर्म्म यातका प्रसादा-
१२. रया जुरो. थ्वया अर्थ लली थ्व हु थ्व विषम
१३. विष धास्यें झगला दयक मवो: ।। थ्वतेवा
१४. साछी श्रीराजयातो – ष लक्ष्मीदेवीस लो-
१५. खित नकबहाह विश्वनाथ ।। सम्वत् ८२०
१६. वैसाषकृष्णचतुरथ्या तीथौ ।। शु ।।

श्रीः

१ श्री ३ करुणामय संहाय ।। ।।

१. १ स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरिष्टदेवतावरल-
२. द्धप्रसादीतदेदिप्यमानमानोन्नतरविकुलतिलकहनुमध्वजसङ्गीतार्णवपारगमहाराजा-
३. धिराजश्रीश्रीजययोगनरेन्द्रमल्लदेव प्रभु ठाकुरमन ।। ।।
४. भिरनघरको कर्म्मा गुरुलाइ तम्बापत्र लेखिएर प्रसन्न खुसि भएको समझी यस्तो भाखा पु-
५. रा गरी पुरनचोकको क्षेत्रि असल कमसल् झिकिकन सामाग्रि संम्पूर्ण गरी शान्तिस्वस्ति
६. गर्नालाई र यज्ञ पनि गर्नलाई जो जति खर्च गरी पूजाविधि गर्नुपर्छ. मा गुरु सब धैया
७. खेत खेति ५ यथाश्रद्धाले राखेको यति यो खेत कर्म्मा गुरु र रामान कर्मालाई दिएको
८. फेरि दिने नदिने गरी झगडा गर्नु हुन्दैन ।। यो यसमा साछी श्रीराजयत्र ।। जयलक्ष्मी-
९. देवीसहित यो ताम्बापत्रलेखक नकबाहार विश्वनाथ ।। सम्वत् ८२० वैशा-
१०. खकृष्णचतुर्थी दिन ।। ।।। ।। शुभम् ।।

(पूर्व १ नं. सिन्धुपाल्चोकथुम सिन्धुपाल्चोकथ्याङ बस्ने रिजिङ्ग दोर्जे लामाले वि. सं. २००९ वैशाख १३ गते शुक्रवार बिर्ताखारेजीबन्दोबस्तअड्डामा चढाएको निवेदनमा यस ताम्रपत्रको नकल छ । वीरपुस्तकालयका पं. मोतीरत्न वज्राचार्यद्वारा यसको उत्था गराई वि. सं. २०१३ भाद्र १२ गते सोमबार बिर्ताखारेजीबन्दोबस्त-अड्डामा वीरपुस्तकालयले सो उत्था पठाउँदा उत्थाको शुरुमा 'सर्कारी / पुस्तकालय / १९५२' कुँदिएको छाप पनि लगाएको छ । )

३ सङ्ख्या

१. स्वस्ति श्रीमालिग्लाधिपति महाराज श्रीश्रीजयेविरमहीन्द्र मल्लदेव प्रभु ठाकुरसम
२. जीरीङप्रवासितनिवासीग्राहकश्रीवाचस्पतीउपाध्यानाम्न प्रसावीकृतं भीरीडदडान
३. उइसलववातिकानाम प्रडरडा श्रीश्रीराजया भूमन पस्चिमतः ।। उत्तरत ।। पुर्व्वतः द-
४. क्षिणतश्च ।। नुतन्मध्ये तद्वातिका बिस रूखाङ्कृ ऋर्व निय २० तद्वातिका यथा नग-
५. रकालप्रवर्त्तमाननस् ववत्व पुष्पमालाघप्रढोकृतमकष यवि गठंकाङ्क मोहोर टं-
६. का सर्तछि निय १२० आडाये स्वाधीनावर्तकंन्यायन क्रियवीक्रीयन प्रसादारवा ज्यु-
७. रो अत्र पत्रार्थे दृष्टसाछी श्रीशुद्धिनरसिंह थाकुरस ।। लिखित नकबाहार वि-
८. श्वनाथ ।। सम्वत ८३२ आश्विणीकृष्णपञ्चम्यांयवितथौ ।। शुभं ।।

१. स्वस्ती श्रीमानीग्ला भने पाटनका महाराजधीराज श्रीश्रीजयेवीर-
२. महीन्द्र मल्लदेव प्रभु ठाकुर राजाबाट क्षीरीं भंने ठाउमा प्रवासी-
३. त बस्ने लीने श्रीवाचस्पती उपाध्यादि नाम भयाकालाई खुशी भं ब-
४. कसे क्षीरीङ देस नईतलष भंने बारी नाऊ भयाको ठाऊमा श्रीश्रीराजाको
५. जगाले पछीम उत्तर ।। पुर्व दछीण पनी येतीका माभामा त्यो बारी बी-
६. स कर्खकका अंकले पनी कर्ख बीस २० त्यो बारी जस्तो देहाशलमा
७. चलेका मल सुनका पुषेका माला झं तकला येकसील् येक सहे बीस
८. मीहर टंका येक सहे बीस १२० लीयेर आफना अधीनले चलेका रीत-
९. बमोजीम क्रीये विक्रीये गरी खुसी भै बक्सेका भया. येस पत्रमा साछी
१०. श्रीझघांरसींह ठाकुर लेखक नकबाहादुरका विश्वनाथ् ।। ने-
११. पाली स्मवत् ८३२ आश्वीणकृष्णपंचम्या तिथौ शुभम्

(नु. इ. जिलिङ बस्ने हिमप्रसाद पुडासैनीले वि. सं. २०१२ आषाढ १२ गते चढाएको निवेदनमा यस पत्रको नक्कल छ । उल्थाको शुरूमा 'पुस्तकखानाबाट' भनेर लेखिएको छ । )

४ सङ्ख्या

श्री

१. स्वस्ति श्रीमतपसुपतीचरणकमलेधुलिधुससीरोरुहश्रीमनमा-
२. नेश्वरीष्टदेवतावरलबधप्रसाड्देदिप्यमानमानोन्तश्रीरघुवं-
३. सावताररविकुलतीलकहनुमजध्वजनेपालेश्वरमाहाराजधीराजराज-
४. राजेन्द्रसकलराजचक्राधीश्वरनीजेष्टदेवदेवेश्वरीकृपाकटाक्षवसीत-
५. विकर्मोपारजीतवारणाकरसमुततगजेन्द्रपतीश्रीश्रीजयेजगतजय-
६. मल्लपरमभट्टारकदेवानाम् सदा समरविजयीनाम प्रभुस्ठाकुरसन
७. कपीलासस चोन्य श्रीवंसीधरजोसीनाम्ने प्रसादीकृतम काहुल्याक्षेत्र-
८. नामसंलक नद्या पश्चीतो उत्तरतस्च श्रीराजाया क्षेत्रेन पुर्वतो दछीणतस्च
९. ढोठे चात्राघाटन दु बु रो २३ बुल १ खुसी गास नीधान तंन्य खेल कर्ख ४८
१०. ब्वया मुल तंका ८०० दुकास्वम् प्रसन्न जुया पती श्रीश्रीन कुकाल दोही क-
११. र्ख २ घल्याडी कर्ख २ खेर वथा यम अत्र पत्रार्थे दृष्टसाछी श्रीश्रीजय-
१२. प्रकासमल्लदेव सम्वत ८५२ फागुणवडी ११ षुभम्

(नु. इ. लिखु काहुले बस्ने सूर्यकान्त उपाध्याय भण्डारीले वि. स. २०१२ ज्येष्ठ ६ गते बिर्ताखारेजीअड्डामा चढाएको निवेदनमा यो पत्र छ । सूर्यकान्त भण्डारीले पत्रको अन्त्यमा 'जयेजगतजयमल्लको छाप छ' भनेर पनि लेखेका छन् । )

५ सङ्ख्या

श्री १

१. स्वोस्ती श्रीमत्पसुपतीचरणकमलधुलीधुसलीतसीरोरुह्श्रीमंमानेसो-
२. रीष्टदेवतावरलभधप्रसाददेदीपेमानमानोंनत्श्रीरगुवंशाश्रवतार-
३. रवीकुलतीलकहनुमद्धोजनेपालेश्वोरमाहाराजाधीराजराजराजेंद्रसक-
४. लराजचक्राधीस्वोरनीजेष्टदेवतदेवेस्वोरीक्रीपाकटाछेत्रलीतवीक्रम-
५. पारजीतवारलोकरसपुतगजेंद्रपतीश्रीश्रीजयेजयेप्रकासमल्लदेवप-
६. रमभट्टारकदेवानां सदा समरवीजयेनाम् प्रभु ठाकुलसन बेलकोट-
७. वासीकश्रीकालभट्टजैसीनांने प्रसाद्रीक्रीतं अस्यानसे यो-
८. व्या डीही प्रजेस ।। मरुवातारक्षेत्रनामसंरीक्र ।। अमरसींहषत्रीक-
९. स्ये क्षेत्राद् पुवंत नद्याया दषीनतः क्षेत्रीलुपसींह
१०. श्रीराजा अम्बरसीं षत्री द्वारत्या पसींसत श्रीराजछेत्रा उत्रतरत महंत-
११. आचारजेस्ये येतेषां मध्ये थोते यात्राद्यातन दु येकपंचस्येद्रोपनीकं
१२. छेत्रांकटोपी गुं रो ५१ व्याकेंट नेईमा छीता कर्ष ४ देहो कर्ष २
१३. सुक्वाचौरस चाल्याली कर्ष २ बेलकोट्या आलेयापसत-
१४. त छेत्रस्ये येथादेशकारवरत्नतयानसंवारयेत सुत्रर्णपुल्ये षस-
१५. फोटरपंचसताद्योकसहसश्रीजयेप्रकासमल्लीटंका १५७० मादा-
१६. ये स्वाधीनंनवटुकेंन्यायेन क्रीवीक्रीतों भवती. प्रतीस अस्या रुपो-
१७. ला बु रो ५० कर्ष ३४ देहो कर्ष २ घन्याडी कर्ष २ थोमे मुत्र १५३०
१८. थोते बुं दुक्याया वोयो ऊससी वीप्राया कीकटं ४० श्रीश्रीनं कासे
१९. वीज्याट. अत्र प्रतारथ द्रीष्टसाछी श्रीश्रीराजप्रकास मल्लदेव सं
२०. ८५६ नष्टजेष्ठवदी नवोमी सुभं

(प. १ नं. नु. इ. बेलकोट बस्ने नन्दलाल जैसीले वि. सं. २००८ चैत्र १३ गते चढाएको निवेदनमा यो पत्र छ।)

□

# भूपालेन्द्र मल्लले वीरभद्र उपाध्यायको नाममा गरिदिएको अप्रकाशित ताम्रपत्र

– दिनेशराज पन्त

१. स्वस्ति ।। श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमा-
२. नमानोन्नतश्रीरघुवंशाव(तार)रविकुलतिलकहनुमध्वजनेपालेश्वरमहाराजाधिराजराजराजेन्द्रसकलराजच-
३. क्राधिश्वरश्रीश्रीजयभूपालेन्द्रमल्लपरमभट्टारकदेवानां सदा समरविजयिनां – –
४. प्रभु थाकुरसन खवराग्रामस चोङ श्रीवीरभद्र-
५. पाध्यानाम्ने संप्रदतं ।। स्थानस्य उत्तरदिशि प्रदेशे
६. सिरामखेलं भु बु क्षेत्रनामसंज्ञकं नदीसिमाया
७. पश्चिमतो श्रीश्रीराजकूलक्षत्रेन नद्याया उतरतो
८. श्रीश्रीराजकुलक्षत्रेन पूर्वतो श्रीश्रीराजकुलक्ष-
९. त्रेन प्रपातसिमाया दक्षिणतो एतेषां मध्ये च-
१०. त्वारिंशतिरोपनिक क्षत्रांकतोपि बु रो ४० भुय का-
११. हुल्या बु रो ९ चूल २ भुय खवरागाम्या सिराम्या दे-
१२. हि घल्यालि सुद्धा खेल भुयल कर्ष १० भुय यित्ता-
१३. या सिमल्या क्षलभुवल कर्ष ३ देहिक कर्ष २ घ-
१४. ल्यालि कर्ष २ थ्वते बु देवघातस संकल्प याङ प्र(स)-
१५. न्न जुया ।। अत्र पत्रार्थे दृष्टसाछि श्रीश्रीजय-
१६. भास्करमल्लदेवस सम्वत् ८२० चैत्रशुद्धिपूर्ण-
१७. मास्यां ।। शुभ ।। – –

१. प्रभु राजाबाट खवरागाउमा बस्ने श्रीवीरभद्र पाध्या ना-
२. म भएकालाई बिबक्से ।। ठाउका उत्तरदिशामा सिमरा-
३. खेल भु बु खेतका नाम भएका नदीसिमानाले पश्चिम
४. श्रीश्रीराजकुलोका जगाले नदीको उतर श्रीश्रीरा-
५. जाका कुलाले पूर्व श्रीश्रीराजकुलोजगाले र भीरसिमाना-
६. को दक्षिण यस्को माझामा चालिस रोपनि जगाका अंक-
७. ले पनि खेत रोपनि ४० फेरि काहुल्या खेत रोपनि ९ ज-
८. वा २ फेरि खवरागाम्या सिराम्या भंने देहि घल्यालि सुद्धा

९. खेल र फेरि बाटो कर्ष १० फेरि बिताका सिमल्या घर र
१०. बाटो जगा कर्ष ३ देहि कर्ष २ घल्यालि कर्ष २ येति षेत देव-
११. घातमा संकल्प गरी खुसि भै बक्से ।। यस पत्रमा दृष्ट-
१२. साछि ।। श्रीश्रीजयभास्करमल्लदेव नेपालि सम्वत्
१३. ८२० चैत्रशुक्ल पूर्णेमा शुभम्

(यो पत्र नुवाकोटमालकार्यालयमा छ। का. इ. बुबहाल जोरगणेश बस्ने मधुसूदन उपाध्यायले वि. सं. १९९६ श्रावण २० गते पहाडबन्दोबस्त बिर्ताफाँटमा चढाएको जाहेरीमा यो पत्र छ। यस पत्रको शुरूमा सर्कारी पुस्तकालयको छाप छ। किनारामा 'तामापत्रबमोजिम उल्था गरेका दुरुष्ट छ भनि सहिछाप गर्ने पं. चितहर्ष वज्राचार्य' भनी लेखिएको छ। वि. सं. २०३८ कार्तिकमा यो पत्र सारिएको हो।)

□

# महीन्द्रसिंह (भास्कर मल्ल)ले झगल ठकुरको नाममा गरिदिएको अप्रकाशित ताडपत्र

— दिनेशराज पन्त

स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतश्रीरघुवंशावताररविकुलतिलकहनुमद्ध्वजनेपालेश्वरमहाराजाधिराजराजराजेन्द्रसकरराजचक्राधीश्वरस्वविक्रमोपार्जितगजपतिपदविराजमानश्रीश्रीजयमहीन्द्रसिंहदेवपरमभट्टारकदेवानां सदा समरविजयिनाम् प्रभु ठाकुरसन श्रीमत्कांतिपुरमहानगरश्रीयेलभूभौ मखनटोलवाकुतननियंताछिगृहवास्तव्यपात्रश्रीझगलथकुलनाम्ने प्रसादिकृतं देवदालि क्वलपो बुक्षेत्रनामसंज्ञकं राजकुलक्षेत्रन पूर्वदक्षिणतश्च पश्चि(म)तश्च उतरत ।। एतेषां मध्ये श्वते चात्राघातन दु त्रिपंचमेकशतरोपनिकं क्षेत्राङ्कुतोपि बु रो ८० खेल भू कर्ष ३० भूय कपिलास भारवोत्या पु री ४३ तत्क्षत्रस्य यथादेशकालप्रवर्तमानसंचारार्घेन सुवर्णमूल्यमादाय स्वाधीनानवतुकंन्यायेम क्रिबिक्रितं भवति ।। प्रपुरीदोववाथ चालकाया प्रसाद प्रसन्न जुया ।। अत्र पत्रार्थे दृष्टसाछि श्रीनीरनारायण मलदेव सम्वत् ८३५ माघवदि १२ शुभम्

प्रभु राजाबाट श्रीमत कांतिपुर महानगर श्रीयग्लभूमौ भंने काठमाडौ मखनटोल वाकुटननि यतांछे भंने घरमा बस्ने पात्र श्रीझगल थकुल नाम भएकालाई खुसि भै वकोन्देवदालि क्वलपो बु भंने जगाका नाम भएका ठाउँमा राजकुलजगाले पूर्व दक्षिण पश्चिम उतर ।। यतिका माझमा यति चार किला भएको छ एक शए त्रिपन्न रोपनि जगाका अंकले पनि खेत रोपनि ८० खेल जगा कर्ष ३० फेरि कपिलास भयबोत्या बु भंने खेत रोपनि ४३ यो जगाको जस्तो देशकालमा चलेका चलन् मोल सुवर्णमोल लियेर आपना अधिनले चलेका रितबमोजीम् क्रिबिक्रि भयो ।। प्रपुरोदोववाठ भने दर्बार खोलकोमा खुसि भै बक्सें ।। यस पत्रमा साछि देखने श्रीनीरनारायण मल्लदेव नेपालि सम्वत् ८३५ माघवदि १२ शुभम्

(यो पत्र धादिङमालकार्यालयमा छ। भ. पु. इ. गोकर्ण कपिलास बस्ने रामचन्द्र उपाध्यायले वि. सं. १९९६ श्रावणमा बिर्तांफाँटमा चढाएको जाहेरीमा यो पत्र छ। यस पत्रको शुरूमा 'पुस्तकखानाबाट' लेखी किनारामा 'तारपत्रबमोजीम् उत्था गरेको दुरुष्ट छ भनि सहिछाप गर्ने पं. चित्तहर्ष वज्राचार्य' भनी लेखिएको छ। पुस्तकखानाले वि. सं. १९९६ श्रावण ४ गते आदित्यवार[1] यो पत्र पठाएको हो भनी त्यहाँ लेखिएको छ। वि. सं. २०३७ मार्गमा यस पत्रको प्रतिलिपि मैले गरेको हुँ।)

□

# पाटनका राजा विष्णु मल्लले लक्ष्मीनारायणको नाममा गरिदिएको अप्रकाशित पत्र

– दिनेशराज पन्त

स्वस्ति श्रीमानीन्याधीपती महाराजाधिराज श्रीश्रीजयविश्वमल्लदेव थाकुलसन: नवबीस्यावासीत विप्रश्रीलक्षिनारायणकुमाईसर्माल प्रसाडीकृतं: नवबीस्याछेत्रनामप्रदेसे श्रीश्रीराज्योछेत्रात्पमोहर पुर्वत स्व श्रीश्रीराजवा छेत्रवो नदीसीमाया दछीनत क्ततेषा मध्ये तत्क्षेत्र दोयो यछेस रोपकंनीकं रोत्र न्ययनसी ५२ भुय: जमुन्याछेत्र त्रीसरोवपनीकं रोव सुय ३० त्रतौ क्षेत्रयो यथा नगरकालप्रर्वर्तमानेन: शुवर्णपुष्पमाला (र्घप्र) टौकृत मोहोरटंका निदोर २००० आडाय: स्वाधीनावृर्तीकंन्यायेन क्रिविक्रीन प्रसादारपा जुरो. अत्र पत्राथ दृष्टासाछी हर्स मल्ल थाकुलस संम्वत् ८५४ चैत्रवडी १५ लिषीतं दैववत्तश्रीलुना मुल्यं प्रढौकयित्वा सीह पत्रमीदं ।। सुभमस्तु ।।

(यो पत्र धादिङमालकार्यालयमा छ। प. १ नं. धा. इ. नौबीसे ठूलोगाउँ बस्ने नीलप्रसाद उप्रेतीले प. १ नं. गोश्वारामा वि. सं. १९९६ श्रावण २७ गते शुक्रवार चढाएको जाहेरीमा यस पत्रको नकल छ। सार्नेले नेवारी अक्षर नचिनेकोले पाठ अत्यन्त भ्रष्ट छ। वि. सं. २०३७ मार्गमा मैले यो सारेको हुँ।)

□

---

१. वि. सं. १९९६ अधिकश्रावणशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| श्रावण | ४ | बुध | तृतीया | ३५ । २९ |

(पात्रोबाट)

श्रावण ४ गते बुधवार पर्छ, आदित्यवार पर्दैन ।

# जयप्रकाश मल्लले रत्नमणि जैसीलाई गरिदिएको अप्रकाशित ताम्रपत्र

–दिनेशराज पन्त

वि. सं. २०५१ ज्येष्ठ १७ गते चितौन भरतपुर गडचौली बस्ने पद्मबहादुर लामाले हाल कमलाछीमा बस्ने दिलबहादुर लामासहित मकहाँ आई यो पढिदिनुपऱ्यो भनी फोटोकपी गरिएको एक पत्र छोडे । मैले त्यस पत्रको पाठ उतार्दै जाँदा सो पत्र मूलको फोटोकपी नभई कसैले जानीनजानी मूलबाट नेवारी लिपिमै उतारेको पत्रको फोटोकपी यो हो भन्ने थाहा भयो । भोलिपल्ट उनीहरू आएपछि यो के हो भनी सोद्धा ताम्रपत्रको प्रतिलिपि हो भन्ने थाहा भयो र मैले गरेको अनुमान मिल्न आयो । उनीहरूलाई यसको भाव मैले बुझाइदिएँ र मूल ताम्रपत्र पनि ल्याउनको लागि अनुरोध गरें । तर त्यसपछि उनीहरू मकहाँ आएनन् । त्यसमा आफूले ठम्याउन सकेको जति अशुद्धिलाई हटाई मैले यहाँ पाठ दिएको छु । त्यसो गर्दा अन्तर परेको कुरा तल उल्लेख गर्दै छु ।

१) देवताको ठाउँमा वेवता २) राजको ठाउँमा राजै ३) देवको ठाउँमा थेव ४) कृपाको ठाउँमा कुपी ५) परमको ठाउँमा परैम ६) थाकुलसनको ठाउँमा थाकुलैसन ७) श्रीरत्नमनिको ठाउँमा श्रीरत्नमनि ८) नामको ठाउँमा नामै ९) पश्चिमतश्चको ठाउँमा पश्चिमतैश्च १०) एकशतको ठाउँमा एकैशतै ११) रोपनिकंको ठाउँमा कीपनिकं १२) घल्यादिको ठाउँमा घल्योदि १३) खेलको ठाउँमा खैल १४) दशरोपनिकंको ठाउँमा दैशद्रोपनिकं १५) खेलको ठाउँमा खेलै १६) सुवर्णको ठाउँमा सुँवर्ण १७) मादायको ठाउँमा मादायै १८) वतुकको ठाउँमा वतुेक १९) भवतिको ठाउँमा भवैति २०) सम्वतको ठाउँमा सम्वते ।

यी सामान्य कुरा हुन् । अरू कुरा पनि नेवारी लिपिमा प्रतिलिपि गर्नेले बिगारेका पक्कै छन् भन्ने कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

१. ॥ स्वस्ति ।। श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशि-
२. रोरुहश्रीमन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदी-
३. प्यमानमानोन्नत्श्रीरघुवंशावताररविकुलति-
४. लकह(नू)मद्ध्वजनेपालेश्वरमहाराजाधिराजराज-
५. राजेन्द्रसकलराजचक्राधीश्वरनिजेष्टदेवदेवे-
६. श्वरीकृपाकटाक्षवलितविक्रमोपार्जितवार-
७. णाकरसमुद्भूत ,, गजेन्द्रपतिश्रीश्रीजयप्रकाश-
८. मल्लदेव ,, परमभट्टारकदेवानां सदा समरवि-
९. जयिनां प्रभु थाकुलसन दुमक्वथस चोङ
१०. श्रीरत्नमनि जैसि एतिसं नाम्नै प्रसादीकृतं

११. दुमक्वथखेलकर्षनामसंज्ञकं श्रीराजभू-
१२. म्याः पूर्व्वदक्षिणतः श्रीराजया गोलभू-
१३. म्याः पश्चिमतश्च नद्या उत्तरतो ।। एतेषां म-
१४. ध्ये ‿ थ्वते चाव्राघातन दु दुमक्वथखेल तृ-
१५. कर्षाधिकएकशतकर्षपरिमितं बु पंचद-
१६. शरोपनिकं ‿‿ घल्यादि एकत्रीशतिकर्षपरि-
१७. मितं राफकिलवाहिनखेल विंशतिकर्षप-
१८ रिमितं बु दशरोपनिकं क्षत्रांकतोपि खेल
१९ कर्ष १०३ बु रो १५ घल्यादि ३१ रोफकिलँवा-
२०. हित कर्ष २० बु रो १० ततः क्षेत्रस्य यथा-
२१. देशकालप्रवर्तमानसंचारार्घेन सुव-
२२. र्णमूल्यत्रीशतिटंकाधिकबारहशतश्री-
२३. जयप्रकाशमल्लीटंका १२३० मादाय
२४. वतुकन्यायेन क्रीविक्रीटं भवति ।। यलंन ‿‿
२५. सन दाना ‿‿ न्हि दवार मधिकिन वाकि ‿‿ थम
२६. क त्याव ।। अत्र पत्रार्थे

(छेउमा कुँदिएको)

१. दृष्टसाक्षि श्रीश्रीराजप्रकाश मल्लदेव ‿ सम्वत
२. ८५९ आश्विणर्वदि १३ शुभ ।।

(ताम्रपत्रको प्रतिलिपिमा छाप पनि छ, तर त्यो बुझिँदैन । )

□

# श्री ५ पृथ्वीनारायण शाहका दुइ अप्रकाशित पत्र

– दिनेशराज पन्त

वि. सं. २०५२ माघ ३ गते नेपाल राष्ट्रिय अभिलेखालयमा जाँदा त्यहाँ शोकेसमा रहेका केही पत्रमा मेरो आँखा परे । पृथ्वीनारायणले रवि जैसीलाई लेखिदिएका दुइ पत्र पनि मेरो आँखा परेका ती सामग्रीमा पर्छन् । धेरै वर्षअघिदेखि पृथ्वीनारायण शाहका पत्रहरूको प्रामाणिक सम्पादन गरी पुस्तक प्रकाशन गर्नुपर्छ भन्ने विचारमा रहेको मलाई ती २ पत्र अप्रकाशित हुन् भन्ने हेर्नेबित्तिकै थाहा भयो र पृथ्वीनारायणका २ पत्र तथा रवि जैसीको टिप्पनको अंश हो फोटो अभिलेखालयका अधिकारीहरूको सौजन्यले मैले लिन पाएँ ।

श्री ५ पृथ्वीनारायण शाहले रवि जैंसीलाई लेखिदिएका २ पत्रमध्ये एउटा पत्रमा मिति छ, तर अर्को पत्रमा भने मिति छैन । अभिलेखालयमा रहेको टिप्पनबाट यी रवि जैंसी शाके १६२९ (वि. सं. १७६४)मा ज्योतिषी श्रीपतिका छोराका रूपमा जीवनपुरमा जन्मेका देखिन्छन् ।[1] रवि जैंसीको जग्गामा अरू बसेकामा पृथ्वीनारायणले सो जग्गा उनलाई फर्काइदिएको कुरा पृथ्वीनारायणका ती २ पत्रमा परेको छ । पहिलो पत्रमा जग्गा भोग गर्ने मान्छेलाई मैंले नसम्झाएसम्म रवि जैंसीले त्यसको चलन नगर्नू भनेर पृथ्वीनारायणले लेखेका छन् । दोस्रो पत्रमा भने जसले भोग गरेको छ, त्यसले छोडिदिनू भनी लेखिएको छ । अब पृथ्वीनारायणका ती सकल पत्रका पाठ तल दिइन्छन् ।

१ सङ्ख्या

श्रीदुर्गा १


श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिवि-
२. विधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिरा-
३. जश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयीनां

---

१. १. १ स्वस्ति श्रीशाके १६२९ मासे ५ तिथौ ३० वारे ७
२. नक्षत्रे १० योगे २० राशौ ५ लग्ने ५ सौरमाने भाद्र-
३. पदमासे दिनगता १५ शेषदिन १६ तद्दिने शनिवा-
४. सरे दिनगतघटिका २ चषा २७ जीवन्पूरजन्म-
५. भूमौ श्रीसिरपतिजोतिर्विदःकस्य पुत्र रवि-
६. जैंसिकुमारो दीर्घमायु भूयात् ।। शुभं



४. आगे. रवि जैसिके. आफनु षसछेउ लियाको वृत्ता फोईदि-
५. लु. जनकन सो षेत पर्‍याका छन् तनकन मईले नबुझावं-
६. जि रवि जैसिले चलन नगर्नु. मईले जस्कन पर्‍याको छ तस्-
७. लाई बुझाईदिउला मिति ज्येष्टवदि ११ रोज ६ संवत् १८११ शुभं

२ सङ्ख्या

श्रीदुर्गा १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीमहाराजाधिराजकस्य रुक्का

२. आगे. रवि जैसिकन. आपनु छाडिगयाको षेत बारि घर. बकस.

३. भयो. जस्ले ताहाँ अंबल गर्‍याको छ पत्र देषत छाडिदेउ. सर्व-

४. था गरि छाडिदे सर्वथा शुभं

□

# श्री ५ पृथ्वीनारायण शाहले धर्माङ्गद पण्डितलाई कन्यादान दिएको कुरा परेको वि. सं. १८६३ को अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गा

श्री ५ पृथ्वीनारायेण महाराजा

२

श्री ५ स्वामीज्यु

४

१. स्वस्ती श्रीकाजीबालनरसिंकुवरकस्य पत्रम्

२. आगे जंमादार नरपति कवरके येथोचीत. उप्रांन्त धर्माङगत पंडीतलाई — — २ — — बाट

३. कन्यादान बकसदा बिर्ता गरीबकसनुभयाको षेत नुवाकोट्मध्ये कालीभारा षेत ११२० ब्यासी डि-

४. ही बाउघर घर्‍याडी ६२ सालमा अंतर्सो सुबेदार्ले बाचदा — — ४ — — बाट पक्का ठहराई थामीबकस-

५. नुमयाको रहेछ. हीजो नऊथाके षेत आज उठाउनुहुन्दंन भनी धीरलोचं वेद्यलाई आ-
६. लीबाली सही गरी थामीदीजौ ताहा तीमीहरूले टंटा नगर छाडीदेऊ सर्वथा. ईती सं-
७. म्वत् १८६३ साल मीति पौषवदी – रोज– शुभम्

(नु. इ. महामण्डल बस्ने शिवप्रसाद उपाध्यायले वि. सं. २००९ आषाढ ३२ गते बिर्ताखारेजीअड्डामा पेश गरेको यस पत्रको नकल नुवाकोटमालअड्डामा छ । वि. सं. २०३८ कार्तिकमा यसको प्रतिलिपि गरिएको हो । )

□

# कोटलहरका राजा नारायणपाललाई श्री ५ राजेन्द्रविक्रम शाहले लेखेको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीदुर्गाज्यू ८

श्री ५ बुबाज्यू

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराज-
२. मानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाह्-
३. बहादूरसमशेरजङ्गदेवानां सदा समरविजयिनाम् – – – – – – – –
४. स्वस्ति श्रीपरमभट्टारक श्रीराजे नारायणपालदेवको सलामपूर्वकपत्रमिदम्.
५. इहां आनन्द है. तुह्मारा आनन्द चाहिए. आगे सम्वत् १८९३ साल पूस महि-
६. नेका लिषापत्र आया. गोर्षाबहादूरका लशकर कांगडे पहूचने समयमों
७. जो हमसों षिजमत् टहल हुवा. सो सब् काजि रणजोर थापाकों मालूम है.
८. हजूरमों जाहीर किया होगा. हजूरके – – – – ने ताबेदारीका परवाना भि
९. हमकों बक्सा हुवा है कर्के लिषा. सो काजी रणजोर थापाके अर्ज कर्नेसौं
१०. जाहीर था. अब तुह्मारा पत्र पहूॅचनेपर भि जाहीर हुवा. गोर्षासर्कारका भ-
११. ला चाहनेवाले बषत् पाय षिजमत् कर्नेवाले हों. यह बात अछि...
१२. हराय. हमारा दिल् षुस हुवा. अ .. षतप...
१३. वाल जाहीर कर्ते ...

(छेउमा लेखिएको)

१. दोसाला जोडा १५ गडी १ बक्सीस कर्के भेजा. ...(ब)-
२. षसीस राइके हाथ पहुंचे ॥ ।

३. फागुनवदि १२ बाहीर षाममा ठुला मोहरले नहुंदा
४. उ षाममा बाहुलीबाट फारियो. मधेस्याका
५. गजमा भित्र सानु मोहर

(पछिल्तिर लेखिएको)

कुटलहऱ्या राजा नारायणपालके

(परराष्ट्रमन्त्रालयको १६२ सङ्ख्याको खाममा यसको नकल छ । वि. सं. २०३८ मार्ग ९ गते यो पत्र मैंले सारेको हुं । )

यस पत्रमा उल्लेख भएको, श्री ५ गीर्वाणयुद्धविक्रम शाहले नारायणपाललाई लेखिदिएको पत्र छापिएको छ ।[१]

□

# नारायणहिटीका नारायणका अघिल्ला पूजाहारीलाई हटाई अर्को पूजाहारी राखिएको कुरा परेको अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गाज्यू: ०

श्रीनारायण

१

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ___________
२. आगे स्यामदास वैरागिके ‾ ꣸ ‾ हिटिका ‾ ꣸ ‾ का पूजाहा-
३. रिकामको तोतारामदास वैरागिका नाउमा भयाको मोहोर हा-
४. नि तिमिलाई पूजाहारिकामको मोहो(र) गरिबक्स्यौं. आफ्ना बा-
५. तिरज्मासंग ‾ ꣸ ‾ का गुठका आम्दानीले परापूर्वका रितमा

---

१. वि. सं. २०४३ मा प्रकाशित पूर्णिमा ६८ अङ्कका ४५–४६ पृष्ठमा छापिएको दिनेशराज पन्तको श्री ५ गीर्वाणबाट कोटलहरका राजा नारायणपाललाई गरिदिएको अप्रकाशित ताम्रपत्र ।

६. लघटाई विधिविधानपूर्वक पंचपर्वि पूजा र नित्यनैमित्य पूजा
७. गरि हाम्रो जय मनाउनु. अघिका पुजाहारिले थाई आयाबमो-
८. जिमको दैवस्तुर लि पूजा गर्न्या काम गर. इति सम्वत् १८९६ सा-
१०. ल मिति श्रावणसुदि २ रोज १[१] शुभम् — — — — — — — —

(पछिल्तिर लेखिएको)

मार्फत रघुनाथ अर्ज्याल्

(परराष्ट्रमन्त्रालयको १७३ सङ्ख्याको खाममा यसको सकल छ। वि. सं. २०३८ मार्गमा यो पत्र मैले सारेको हुँ।)

□

# सर्दार भूपालसिंह थापालाई जागीरको रूपमा हात्ती दिएको कुरा परेको अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गाज्यूः १

श्रीदुर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — — —
२. आगे सर्दार भूपालसिं थापाप्रति. सल्ल्यान् हातिसारका १९०० सालका जघीयाथोर
३. षेदामा तैंले पक्रयाका हातिहत्यानीमध्ये तलाई बक्स हाती १ के हात ४ तनुषाह गरिब-
४. क्स्यौं. भरि ले. बहि बुझदा मोजरा बक्सौला. इति सम्वत् १९०२ साल मिती भाद्रवदी १२ रो-
५. ज ६[१] शुभम् — — — — — — —

---

१. वि. सं. १८९६ श्रावणशुक्ल

| गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|
| श्रावण २७ | आदित्य | द्वितीया | २३ । ८ | (पात्रोबाट) |

१. वि. सं. १९०२ भाद्रकृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|
| भाद्र १५ | शुक्र | द्वादशी | ४१ । २५ | (पात्रोबाट) |

(पछिल्तिर लेखिएको)

मार्फत उमाकान्त उपाध्या

(परराष्ट्रमन्त्रालयको १७५ सङ्ख्याको खाममा यसको सकल छ। वि. सं. २०३८ मार्गमा यो पत्र मैले सारेको हुँ।)

□

# दीर्घमानलाई १ वर्षको लागि चौधराइ दिई लेखिएको अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गाज्यू: १

श्रीकालिका          श्रीमनकामना
१      श्रीदुर्गा      २
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली-
२. विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रवि-
३. क्रमसाहबहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम् — — — —
४. आगे दिर्घमानके गंदिपश्चिम् चेप्यामर्स्या दिपूर्व भारादारका षुवा बिर्ताबि·
५. तलब छापछप्याली थरघरका लगापात गुठस्मेतका नेवारहरूका डंडकुंड
६. मन्योअपुतालि षर्तछित्को छैठि र बालुवाल्यासिको दलाल उपरिया ने-
७. वारहरुले पश्चीमबाट ल्यायाका कपास् भारि १ र रुवा धागो घर्बुना षादि-
८. को हासिल अघिदेखि आजसम्म चर्चि बिहोरि आयाको चौधरिका दैदस्तुर
९. रकमकलम् औ जागीरषेतस्मेत सिबाये बोर्लाङबितलबबाहेक् इस्त-
१०. क् सम्वत् १९०२ साल आश्विनशुदि १५ रोजदेषि[1] सम्वत् १९०३ साल आश्वि-

---

१. वि. सं. १९०२ आश्विनशुक्ल

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| कार्तिक | १ | बुध | पूर्णिमा | २२ । ३४ | (पात्रोबाट) |

११. नसुदि १४ रोजसम्म[2] वर्ष १ को चौधराऊी गरिबक्स्याँ. अघिदेषि आजसम्म चलि-
१२. आयाको रकम् कलम् रंति षेवुवा महाजन्ले नअटकाउनु आजसम्म चलिआ-
१३. याकोमा बढता रकम कलम् लगाइ जौधरिले रंतिलाइ दुष नदिनु पश्चिम-
१४. बाट घ्यू तेल षसि बोका भेडा आउदा दर्बारको काजमा चाहियामाफिक वाज-
१५. बि मोलसित ली गोर्षादर्बारको कामकाज अघिदेषि गरिआयाबमोजिम् कत्ति
१६. नघटाइ चलाउनु. साबिकबमोजिम घ्यू धार्नि १०६ तेल धार्नि १२० दुवै जमा घ्यु
१७. तेल धार्नि २२६ हाल थप घ्यू धार्नि १५ दुवै जमा घ्यू धार्नि १२१ तेल धार्नि १२०
१८. जमा घ्यु तेल धार्नि २४१ मध्ये गोर्षामा पोवरियोकका सिवालयका अषंड
१९. दिप ‾ ‾ ‾ ‾ ‾ स्थानमा बत्ति घडि र पुराणका बत्ति ‾ ‾ ‾ ‾ ‾ ‾ ‾ को गुठिला-
२०. इ अघिदेषि दी आयाको दस्तावेजबमोजिम दिनु. बांकी रह्याको रोंजिना घ्यु
२१. माना २ तेल पाथी १ का दरले महिना ४ सम्मका तेल धार्नि १२० घ्यु धार्नि ३०
२२. र अरु जो बांकि रह्याको घ्यू तेल तेरंमार्फत् कोटभडार दाषिल गरि रसिद लि-
२३. नु. अंन्याये गर्‍यो भनि कोहि कराउन आयो भन्या र गोर्षाको कामकाज नपुर्‍या-
२४. या कोटभडारको रोंजिना अड्काया कसुरमाफिक सजाये होला. आफ्ना
२५. षातिज्मासित चौधराइ जानि चलन गर. इति सम्वत १९०२ साल मिति पौषसु-
२६. दि ४ रोज ५[3] शुभम् ----------------

(परराष्ट्रमन्त्रालयको १७४ सङ्ख्याको खाममा यसको सकल छ। वि. सं. २०३८ मार्गमा यो पत्र मैले सारेको हुँ।)

□

---

२. वि. सं. १९०३ आश्विनशुक्ल

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| आश्विन | १९ | शनि | त्रयोदशी | ५ । ५८ | |
| | | | | (५९ । ४३) | |
| आश्विन | २० | आदित्य | पूर्णिमा | ५४ । २२ | (पात्रोबाट) |

३. वि. सं. १९०२ पौषशुक्ल

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| पौष | २० | बृहस्पति | चतुर्थी | ११ । ३ | (पात्रोबाट) |

# जङ्गबहादुरले राम्री केटी खोजील्याउन सुबेदार मन्नुसिंहलाई लेखेको अप्रकाशित पत्र

— दिनेशराज पन्त

१. सं १९०४ सा. वैसाषशुदि ७ रोज ४[1] श्रीप्राइममिनिष्ठर यान्‌बाट सुबेदार
२. मन्नुसींके
३. षपसुरत अंगरेजी बिबीमाफिक्का केटि २।३ मैन्हाभीत्रमा तंले ल्याउन स-
४. किस् भन्या तेरो दर्जा पनी बढाइदिउला. मुनासीबमाफीको केटि-
५. लाइ ल्याउदामा लाग्याका षर्चको पनी मिनाह दीउला. अं-
६. कृत गरीकन ल्याउन सकुला भन्या षोजन पनी जा. देसदेसको
७. षँषबर पनी लेषदै गर. ल्याउन सक्तिन भन्छस भन्या असबाब-
८. का साथ लागी आउन्या काम गर. शुभम्

(परराष्ट्रमन्त्रालयको १६१ सङ्ख्याको खाममा यसको मस्यौदा छ। वि. सं. २०३८ मार्ग ९ गते यो पत्र मैले सारेको हुँ।)

□

---

१. वि. सं. १९०४ वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| वैशाख | १० | बुध | सप्तमी | ५८।४६ | (पात्रोबाट) |

# भक्तपुरदरबारमा नजरबन्दीमा राखिएका श्री ५ राजेन्द्रबिक्रम शाहलाई काठमाडौँमा ल्याउने विषयमा लेखिएको अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्री १

भरु पगरी गं=ह

१. स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादि राजभारासामर्थ श्रीभाइ बडाकप्तान धीरबहादूर कुवर
२. श्रीजुवाई कप्तान दलमर्दन थापाके इत श्रीकम्यांडरइनचीफ् जनरल बम्बहादूर कु-
३. वर श्रीबडाकप्तान् रणमेहर अधीकारीको आसीष पाइलागु सलाम. उप्रांत श्री ५ महाराजाका सवारि सहर पावलागनुहुंछ
४. भन्या चलाइ ल्याउनु. श्री ५ महाराजाधिराजको सवारि माघसुदि ५ रोज[1]का रात्रिघडी
५. २ बांकि छंदा हेटौडातरफ् सीकारलाई पावलागनुभयो. आहां कोहि छैन. श्रीजेठा बडामहारानि
६. श्रीसाहिला महारानि श्रीकांछा महारानिबाट पनी चलाइ ल्याउनु भंन्या हुकुम भ-
७. याको छ. तांहा तिमिहरुले कौनै पाठसंग बिन्ति पारिकन पनी आहां चलाई[2] ल्याउन्या
८. काम गर्नु. चलाइ ल्याउनु भंन्या भयेछ. कसो गर्न्या हो भनौला. चीठि पुगनीबित्तिकं
९. श्री ५ महाराजालाइ र भित्यानीलाइ चलाइ ल्याउनु. तांहाका असवाफमा जो साथमा चाहिन्या साथैमा ल्याउनु. बांकि संभा-
१०. रसंग राषनु भनी सहर भादगाउका अमाली सुब्बाका जिम्मा राषी आउन्या काम ग-
११. र्नु. इति सम्वत् १९०४ साल मिति माघसुदी ६ रोज ५[3] मुकाम कांतिपुर सुभम्

(परराष्ट्रमन्त्रालयको १६० सङ्ख्याको खाममा यसको मस्यौदा छ। ठूलो अक्षरमा दिइएको श्री ५ महाराजा आदिमा मस्यौदामा मुनि धर्को दिइएको छ। वि. सं. २०३८ मार्ग ६ गते यो पत्र मैले सारेको हुँ।)

□

---

१. वि. सं. १९०४ माघशुक्ल

| | गते | वार | तिथि | घडी पाला | |
|---|---|---|---|---|---|
| माघ | २८ | बुध | पञ्चमी | ३६।१४ | (पात्रोबाट) |

वि. सं. १९०४ को पात्रोमा यही दिन श्री ५ लेखी यसको सङ्केत गरिएको छ।

२. ७ पङ्क्तिको पारिकन पनीभन्दा पछि आहां चलाई भन्दाअघि भित्यानीसमेतलाई लेखी काटिएको छ।

३. वि. सं. १९०४ माघशुक्ल

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| माघ | २९ | बृहस्पति | षष्ठी | ३२।१८ | (पात्रोबाट) |

पूर्णिमा (इतिहास–प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४६

कार्यालय
संशोधन–मण्डल
वटु सवलबहाल
ग–१–५३० काठमाडौँ – ३
नेपाल
फोन नं. २–२०४९२

वि. सं. २०५३ मार्ग

यस अङ्कको मूल्य रु. ५५।–

मुद्रक
लुम्ब प्रेस
नयाँ बानेश्वर
ख – १ – ३७३ काठमाडौँ – १
नेपाल
फोन नं. ४–७३५८६